# ‘अन्तर’ उपन्यासको शैलीवैज्ञानिक अध्ययन

नेपाली शिक्षा विषयमा नेपा.शि ५९८ स्नातकोत्तर उपाधिका निमित्त

प्रस्तुत शोधपत्र


**शोधार्थी**

**अप्सरा कार्की**

क्याम्पस क्रमाङ्क सत्र: (२०७३)

त्रि. वि. दर्ता नं. ; ९-२-२१८-५-२०११

दोस्रो वर्षको परीक्षा क्रमाङ्क र वर्ष ;  २१८०००४      (२०७४)



त्रिभुवन विश्वविद्यालय

शिक्षा शास्त्र सङ्काय

जनता बहुमुखी क्याम्पस

नेपाली शिक्षा विभाग

इटहरी, सुनसरी


२०८१/२०२४

## प्रतिबद्दता पत्र

प्रस्तुत शोधपत्र मेरो मौलिक र प्रयोगात्मक अनुसन्धान हो । शोधपत्रको कुनै अंश समेत मैले केही कतैबाट हुबहु नक्कल गरेको होइन् । आवश्यकता अनुसार सन्दर्भ र स्रोत खुलाई पूर्वकार्यको प्रयोग गरिएको छ । कही कतैबाट हुबहु नक्कल गरेको प्रमाणित भए त्यसबाट आउने परिणामहरुको समेत सामना गर्नेछु ।

वि.सः २०८०/ /

शोधार्थी

इ.सः २०२४/ /

**व्यक्तित्व**

शोधार्थीको नामः अप्सरा कार्की

जन्मस्थानः भोजपुर

स्थायी ठेगाना धरान उपमहानगरपालिका १५, सुनसरी

पिता गोविन्द कार्की

माताः तुलसा कार्की

राष्ट्रियताःनेपाली

धर्मःहिन्दु

पेसाः शिक्षक

तहः निम्न माध्यमिक (२०७२)

वैवाहिक स्थितिः विवाहित

शैक्षिक योग्यताः २०६५,एस.एल.सी परीक्षा नियन्त्रण कार्यालय शिक्षा मन्त्रालय

२०६८, उच्च माध्यमिक तह उच्च माध्यमिक शिक्षा परिषद

२०७१,स्नातक त्रिभुवन विश्वविद्यालय

तालिमः२०६८, टिपिडि शिक्षा तालिम केन्द्र सुनसरी

## कृतज्ञता ज्ञापन


त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभाग अन्तर्गतको स्नातकोत्तर तह दोस्रो वर्षको ने. पा. शि ५९८ को प्रयोजनका लागि ‘अन्तर’ उपन्यासको शैलीवैज्ञानिक अध्ययन शीर्षकमा शोधपत्र तयार पारिएको छ। मेरो शोधपत्रको शीर्षक छनोटदेखि लिएर शोधपत्रको अन्तिम रुप दिनका लागि सहयोग गर्नहुने शोध निवेदक तिर्थराज भट्टराईलाई विशेष धन्यवाद व्यक्त गर्न चाहान्छु।

जनता बहुमुखी क्याम्पसका क्याम्पस  क्याम्पस प्रमुख , नेपाली शिक्षा विभागका विभागीय प्रमुख श्री मदन राज बराल , नविन कुमार शर्मा , मेरो आत्मीय मित्र रेणुका थापा , गीता कार्की ,माया पुरी , लक्ष्मी ढकाल ,मनोज दाहाल प्रवल श्रेष्ठ , सुनिता राईप्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु। शोधपत्र तयारिका क्रममा समयसमयमा मलाई स्रोत सामाग्री उपलब्ध गराइदिनु हुने पुस्तकालयका कर्मचारिप्रति हार्दिक धन्यवाद दिन चाहान्छु।

यसैगरी यस शोधपत्र तयार पार्नका लागि अध्ययन क्षेत्रमा सदैव प्रेरणा प्रदान गर्नुहुने मेरा मातापिता , श्रीमान् , दिदी, भाउजू प्रति विशेष धन्यवाद ज्ञापन गर्दछु। त्यसैगरि यस शोधपत्रलाई शुद्दसँग टाइपिङ गरी पुर्णरुप दिनहुने  रेवत लिम्बू  ज्यू साथै प्रिन्टमा सहयोग गर्नुहुने  पिक स्टेसनरी  कम्युनिकेशनका प्रज्वल लिम्बू ज्युलाई धन्यवाद व्यक्त गर्न चाहान्छु।

अन्त्यमा शोधपत्रको उचित मूल्याङ्कनका लागि नेपाली  विभाग जनता बहुमुखी क्याम्पस इटहरीमा पेश गर्न चाहान्छु।


मिति: २०८१/   /

इ.स :


शोधार्थी

अप्सरा कार्की

जनता बहुमुखी क्याम्पस इटहरि सुनसरी

## शोधसार

शोधपत्रको शीर्षक : 'अन्तर' उपन्यासको शैलीवैज्ञानिक अध्ययन

शोधार्थीः अप्सरा कार्की

शोध निर्देशक : तीर्थराज भट्टराई

क्याम्पस विभाग : जनता बहुमुखी क्याम्पस , इटहरी , नेपाली शिक्षा विभाग

शैक्षिक वर्ष : २०७३/७४

पृष्ठसङ्ख्य:

जम्मा अध्याय : पाँच

**समस्या कथन** : 'अन्तर' उपन्यासको फ्रेटागको पिरामिड अनुसार कथानक र त्यसको विकासक्रम , चयन, विचलन, शैलीवैज्ञानिक आधारमा पात्रको वर्गीकरण र समानान्तरताहरु के कस्ता पाइन्छन् ?

**उद्देश्य** : 'अन्तर' उपन्यासको कथानको विकासलाई फ्रेटागको पिरामिड अनुसार विश्लेषण , विचलन ,शैलीविज्ञान अनुसार के कस्तो चयन , शैलीवैज्ञानिक आधारमा पात्रको वर्गीकरण र समानान्तरताहरु पाइन्छन् विश्लेषण गर्नु रहेको छ ।

**शोधविधि** : पुस्तकालयीय अध्ययन विधि र विश्लेषणात्मक विधि एवम् वर्णात्मक पद्दतिको प्रयोग गरिएको छ ।

**निष्कर्ष** : चर्चित उपन्यासकार रमेश सायनद्वारा रचित 'अन्तर' उपन्यास (२०८०) सालमा प्रकाशित छ उत्कृष्ट कृति हो। उपन्यासको कथावस्तु अनुसार यस उपन्यासको पात्र शब्दको बुबा आफूजस्तै बूढो साइकल चढी घरबाट बाहिर निस्केको प्रसङ्गबाट उपन्यासको सुरुवात भएको छ। शब्द आफू समलिङ्गी भएका कारण समाजमा गरिने भेदभाव र समलिङ्गीको जीवनमा भएका उतार चढाबलाई कलात्मक रुपमा सायनले उपन्यासमा प्रस्तुत गरेका छन्। समलिङ्गीलाई घृणाको दृष्टिले हेर्दा समलिङ्गीहरु मर्न समेत बाध्य भएको कुरालाई उपन्यासमा चित्रण गरिएको छ। महिला र पुरुष सरह समलिङ्गीहरु पनि सफल हुन सक्छन भन्ने कुरा शब्दले विश्वविद्यालय टप गरेर देखाएको यथार्थ चित्रण गरिएको छ।

## विषयसूची

**विषय** **पृष्ठ संख्या**

### अध्याय –एक

### शोधको परिचय


| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्या कथन | ३ |
| १.३ अध्ययनको उद्देश्य | ४ |
| १.४ अध्ययनको औचित्य | ४ |
| १.५ अध्ययनको परिसीमा | ५ |
| १.६ भाषिभाषिक शब्द | ५ |
| १.७ अध्ययनको रुपरेखा | ६ |


### अध्याय-दुईः

### पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रुपरेखा


| | |
|---|---|
| २.१ पूर्वकार्यको समीक्षा | ७ |
| २.२ पूर्वकार्यको उपयोगिता | ११ |
| २.३ सैद्दान्तिक आधार | १२ |
| २.३.१ कथानको विकासक्रम | १२ |
| २.३.२ चिनारी | १३ |
| २.३.३ सङ्घर्ष विकास | १३ |
| २.३.४ चरम | १३ |
| २.३.५ सङ्घर्षह्रास | १३ |
| २.३.६ उपसंहार | १३ |
| २.३.७ चरित्रको विश्लेषण एवम् वर्गीकरणका आधार | १३ |
| २.३.७.१ लिङ्गको आधारमा | १३ |
| २.३.७.२ कार्यको आधारमा | १४ |

२.३.७.३ प्रवृत्तिका आधारमा १४

२.३.७.४ स्वभावका आधारमा १४

२.३.७.५ जीवनचेतनाका आधारमा १४

२.३.७.६ आसन्नताका आधारमा १४

२.३.७.७ आबद्दताका आधारमा १५

२.३.३ कृति विश्लेषण शैलीवैज्ञानिक १५

२.३.३.१ विकल्पन र चयन १५

२.३.३.२ अग्रभूमि निर्माण १५

२.३.३.३ समानान्तरता १६

२.३.३.३.१ बाह्र समानान्तरता १६

२.३.३.३.२ आन्तरिक समानान्तरता १६

२.३.३.४ विचलन १६

२.३.३.५ विविधता १८

**अध्याय-तीन:**

**अध्ययनको विधि र प्रक्रिया**

३.१ अध्ययनको संरचना १९

३.२ जनसङ्ख्या १९

३.३ नमुना छनोट १९

३.४ उपकरण निर्माण १९

३.५ तथ्याङ्क सङ्कलन २०

३.६ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया २०

**अध्याय-चार:**

**परिणाम र छलफल**

४.१ 'अन्तर' उपन्यासको परिचय २२

४.२ 'अन्तर' उपन्यासको कथानक २२

४.२.१ 'अन्तर' उपन्यासको कथानक २२

४.२.२ 'अन्तर' उपन्यासको कथानको विकासक्रम २२

४.३ पात्र/चरित्र ३८

४.३.१ परिचय ३८

४.३.२ 'अन्तर' उपन्यासका पात्रहरुको शैलीवैज्ञानिक अध्ययन ३८

४.३.३ चयनका आधारमा 'अन्तर' उपन्यासका विश्लेषण ४३

४.३.३.१ शब्द चयनका आधारमा 'अन्तर' उपन्यास ४३

४.३.३.२ कार्यका आधारमा शब्द चयन ४५

४.३.३.३ विचलनका आधारमा 'अन्तर' उपन्यासको विश्लेषण ४९

४.४ छलफल/व्याख्या ५१

**अध्याय-पाँचः**

**निष्कर्ष तथा उपयोगिता**

५.१ सारांश ५३

५.२ निष्कर्ष ५४

५.३ उपयोगिता ५५

५.३.१ नीतिगत तह ५६

५.३.२ कार्यान्वयन तह ५६

५.३.३ आगामी अनुसन्धाका लागि शीर्षकहरु ५९

## तालिका सूची


| क्र.स | शीर्षक | पृष्ठ |
|---|---|---|
| *(१)* | फ्रेटागको पिरामिड | १२ |
| *(२)* | धारणत्मक संरचना | १८ |
| *(३)* | ‘अन्तर’ उपन्यासको कथानकको विकासक्रम | २२ |
| *(४)* | उपन्यासका पात्रहरुको वर्गीकरण | ३९ |

**संक्षिप्त शब्द सूची**

त्रि.वि – त्रिभुवन विश्वविद्यालय

नेपाशि – नेपाली शिक्षा विभाग

पृ – पृष्ट

नं. – नम्बर

डिपिडि – शिक्षक पेसागत विकास तालिम

## अध्याय:एक

## शोधको परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

भाषाको प्रयोग के कसरी गरिन्छ भनेर अध्ययन गर्ने शाखा शैली विज्ञान हो । शैलीविज्ञान साहित्यिक समालोचनाको नवीतम विद्या वा प्रकार हो । (शर्मा २०४८;१) शैली

विज्ञान भाषा विज्ञानको नवीनतम शाखा हो । आधुनिक युगमा भाषा विज्ञानले साहित्यिक भाषा वा काव्य भाषाको समेत अध्ययन गर्न थालेदेखि लिएर शैलीविज्ञानको प्रारम्भ भएको मानिन्छ (शर्मा २०४८;४) । शैली भन्नाले तौर तरिका वा ढाँचा भन्ने बुझिन्छ भने विज्ञान भन्नाले ज्ञान भन्ने बुझिन्छ। तसर्थ शैली र विज्ञान प्रकारको ज्ञान भन्ने बुझिन्छ। तसर्थ शैली र विज्ञान तत्सम शव्दको संयोगबाट शैलीविज्ञान हुँदै समास प्रक्रियाबाट बनेको शब्द हो । (शर्मा २०५५) अङग्रेजीको stylistics शब्दको  नेपाली रुपान्तरण शैलीविज्ञान हो। शैली शब्दको निर्माण संस्कृतिको 'शी' धातुमा लकू प्रव्यय लागेर शील शब्दको व्युपादन भएको र यही शील शब्दमा 'ई' प्रत्यय जोडिई निर्माण भएको हो। (शर्मा,२०४८;३) उन्नाईसौ शताब्दीको प्रारम्भमा सर्वप्रथम जर्मनीमा stylistick शब्दको प्रयोग भएको भएको पाईन्छ । (शर्मा,२०४८;४ फ्रान्सेली भाषामा चाहि १८७२ मा stylisiqul शब्दको प्रयोग भएको  मानिन्छ। अङग्रेजीमा चाहिँ stylistics शब्दको सर्वप्रथम प्रयोग १८८२ मा भएको पाइन्छ (शर्मा,२०४८;४) । पूर्वमा भारतमुनिको कृतिहरुको नाट्यशास्त्रदेखि पाणिनीको अष्टाहयायी जस्ता विशिष्ट कृतिहरुमा शैलीका विभिन्न र विशिष्ट अर्थमा प्रयोग गरिएको छ। पश्चिमीहरुले साहित्यको अध्ययन गर्दा शैली पक्षलाई पनि विशेष महत्व दिइएको देखिन्छ। शब्द चयन शब्द संयोजनका दृष्टिले साहित्यको विश्लेषण गर्ने चलन प्राचीन ग्रीकबाट गुरु भएको पाइन्छ भने शैलीका बारेमा चर्चा परिचर्चा भने पश्चिमेली विद्वान् प्लेटो, अरस्तु,सिसेरो,आदिले गरेका छन् । शैलीविज्ञान आधुनिक युगमा विकासित नयाँ विज्ञान भएता पनि यसको परम्परा भने पुरानै रहेको पाइन्छ । (शर्मा २०४८;४) पश्चिमेली विद्वान् का साथ साथै पूर्विय विद्वान्,(भाषाशास्त्री) भरत ,भामह,दण्डी आनन्दवर्धन,क्षेमेन्द्र कुन्तक आदि साहित्यशास्त्री चिन्तकले भाषा पक्षको बनि प्रशस्त विवेचना

गरेको पाइन्छ । (शर्मा,२०४८;४) शैलीविज्ञानको पूर्व र पश्चिमको स्थितिलाई दाँजेर हेर्दा पूर्वीय चिन्तन निकै दह्रो र बढी वैज्ञानिक रहेको देखिन्छ । यसरी शैलीविज्ञानको प्रारम्भ पूर्वमा भरत र पश्चिममा प्लेटो देखि भएता पनि यसले नयाँ दृष्टि भने आधुनिक कालमा पाएको हो । (शर्मा,२०४८;४) शाब्दिक अर्थमा शैलीविज्ञान भन्नाले शैलीको वैज्ञानिक अध्ययन गर्ने विज्ञान वा शास्त्र हो । भाषाविज्ञानकै एक शाखाका रुपमा रहेको यो सिद्वान्त साहित्यिक विधा अध्ययनको प्राविधिक रुपमा पनि विकसित भएको पाइन्छ।

आधुनिक युगमा शैलीविज्ञानको प्रारम्भ गर्ने श्रेय प्रसिद्ध भाषावैज्ञानिक फर्डिनान्ड डी सस्युरलाई जान्छ । वर्णनात्मक भाषाविज्ञानका प्रथम प्रर्वतक सस्युर र उन्का चेला चाल्स बालीका कार्यबाट वर्तमान युगमा शैलीविज्ञानको सुरुवात भएको हो । (शर्मा,२०४८;५) । यसरी भाषा र साहित्यको सङ्गम स्थल तथा प्रयोगभूमिका रुपमा शैलीविज्ञानलाई लिने गरिन्छ।साहित्यको वस्तुनिष्ट र भाषा केन्द्रित अध्ययन गरी कृतिको अन्त; तहमा लुकेर रहेको अर्थगत  सौन्दर्य समेतलाई प्रकृतीकरण गर्ने काम शैलीविज्ञानले गर्दछ ।

उपन्यासकार रमेश सायनद्वारा लेखिएको ‘अन्तर’ उपन्यासमा हाम्रो समाजमा रहेको समालिङ्गीलाई आउने बाधा अड्चनलाई उपन्यासमा उतारेका छन् अन्त्यमा त्यही समलिङ्गी म समलिङ्गी हु भनेर सबैलाई भन्न सक्ने हुन्छ र हामी अरु मानिस सरह बाच्न सक्छौ र गर्न पनि सक्छौ भनेर TU टप गरेर देखाएको कुरा उपन्यासमा चर्चा गरिएको छ। समलिङ्गीलाई अरु महिला र पुरुष सरह नहेरी अर्के मानिसको रुपमा हेरी घृणको रुपमा हेर्ने गरेकाले समलिङ्गीहरु मर्न समेत तयार भएको कुरा उपन्यासमा छर्लङ्ग उतारेको पाइन्छ। रमेश सायनको छुटेका अनुहार (२०७५) ले पद्यश्री साहित्य पुरस्कार जित्न सफल भएको थियो । अन्तर उपन्यासका प्रमुख पात्र शब्द हुन् । उनीले आफू समलिङ्गी हो भनेर आफ्ना बा आमा र साथीलाई धैरै पटक भन्ने प्रयास गर्नु तर नसक्नु बरु आत्मा हत्याको बाटो रोज्न खोजेको कायर पनलाई उपन्यासमा देखाइएको छ र अन्त्यमा आफ्नो मनोवल बढाएर सबैसँग म समलिङ्गी हुँ भन्न सक्ने र अरुलाई पनि उत्प्रेरण जगाउने कुरा रचनात्मक शैलीद्दारा प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यासको शैली वैज्ञानिक अध्यय गर्ने  कार्य यस शोधपत्रमा गरीएको छ।त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र

सङ्काय नेपाली शिक्षा विषयको स्नातकोतर (एम.एड) दोस्रो वर्षको पाठ्यांश नेपाशि (५९८) का लागि श्री जनता बहुमूखी क्याम्पसबाट अन्तर उपन्यासको शैली वैज्ञानिक ढङगले विश्लेषणात्मक शोधविधिको प्रयोग गरी सोधपत्र लेख्ने कार्यलाई पूर्णता दिने प्रयास गरिएको छ ।

## १.२ समस्या कथन

रमेश सायनद्वारा लेखिएको 'अन्तर' उपन्यास नेपाली साहित्यमा भर्खरै प्रकाशित उपन्यास हो । यसमा नेपाली समाजमा समालिङ्गीलाई गरिने भेदभावका कारण उनीहरुमा पर्ने शारिरीक र मानसिक असरलाई प्रयष्ट्याइ उनीहरू पनि अरु मानिस सरह सफल हुन सक्छ र गर्न सक्छन् भन्ने कुरालाई उपन्यासमा प्रस्तुत गरिएको छ । कुनै पनि उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्दा समान्यतया उपन्यासको क्रमिक विकास भएनभएको भनेर अध्ययन गरिन्छ । कुनैपनि उपन्यासको शैली वैज्ञानिक अध्ययन गर्दा समान्यतया उपन्यासको क्रमिक विकास भएनभएको भनेर  अध्ययन गरिन्छ । यसका लागि विशेष गरी फ्रेटागको पिरामीड अनुसार अध्ययन गर्ने सिद्वान्त अनुसार उपन्यासको कथाकथनको अध्ययन गरिनेछ ।

कथानका भित्र विभिन्न किसिमका शैलीविज्ञानका चरित्रहरु हुने गर्दछन् । शैली विज्ञानले त्यस्ता चरित्रहरुको अध्ययन गर्ने विभिन्न आधारहरु स्थापना गरेको छ । ती आधारहरुसँग 'अन्तर' उपन्यासको चरित्रहरुको वर्गीकरण भएको छ कि छैन भन्ने कुराको पनि यसमा अध्ययन गरिनेछ । शैलीविज्ञान को अध्ययन गर्दा भाषाशैलीको अध्ययन गरिन्छ । त्यस अन्तर्गत चयन, विचलन र समानान्तरताको अध्ययन गरिन्छ । 'अन्तर' उपन्यासको चयन,विचलन र समानान्तरता के कस्तो छ भन्ने कुराको पनि अध्ययन गरिनेछ । यस सन्दर्भमा यस अनुसन्धानले निम्नलिखित विषयलाई शोध समस्या मानेको छः

क 'अन्तर' उपन्यासको कथानक विकास फ्रेटागको पिरामिड अनुसार भएको छ?

ख 'अन्तर' उपन्यासका पात्रहरु शैली वैज्ञानिक  आधारमा कसरी गर्न सकिन्छ?

ग 'अन्तर' उपन्यासमा के कस्ता चयन,विचलन र समानान्तारहरु पाइन्छ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि कार्य सम्पन्न गर्दा निश्चित उद्वेश्यमा रहेर गरिन्छ । बिना उद्वेश्य कुनै कार्य सम्पन्न हुन्न सक्दैन । त्यसैले कुनै विषयवस्तुमा केन्द्रित भएर गरिएको अध्ययन तथा अनुसन्धानमा पनि त्यस सम्बन्धी समस्याको पहिचान गरी उद्वेश्य निर्धारण गर्नुपर्दछ । उक्त 'अन्तर' उपन्यासको शैलीवैज्ञानिक अध्ययन शीर्षकको सोध पनि निम्न उद्वेश्यमा केन्द्रित रहेको छ। यस शोध कार्यका उद्वेश्यहरु यस प्रकार रहेका छन्।

क. फ्रेटागको पिरामिडका आधारमा 'अन्तर' उपन्यासको कथानको विश्लेषण गर्नु,

ख. 'अन्तर' उपन्यासको चरित्रहरुको शैलीवैज्ञानिक वर्गीकरण गर्नु,

ग. चयन,विचयन र समानान्तरका आधारमा 'अन्तर' उपन्यासको विश्लेषण गर्नु।

## १.४ अध्ययनको औचित्य

यो अध्ययन-अनुसन्धान नितान्त उपलब्धिमुलक र फलदायक हुन्छ । कृतिहरुको शैलीगत अध्ययन गरि निकालिनिकालिएका निष्कर्षहरुले भावी दिनमा शैलीवैज्ञानिक अध्यनका लागि महत्त्वपूर्ण भूमिका हुने कुरामा दुई मत छैन । यसैगरी यस अध्यनबाट प्राप्त निष्कर्षहरुका अध्यनबाट लेखकलाई भावी दिनहरुमा कृतिका कमीकमजोरी सुधार गरी परिमार्जन गर्न र नयाँ कृतिहरुको सिर्जना गर्न थप पृष्ठपोषण पुग्ने देखिन्छ । यस अध्ययनमा रमेश सायन 'अन्तर' उपन्यासका शैलीवैज्ञानिक तथ्याङ्कहरु प्रस्तुत गरिने हुँदा उक्त कृतिका बारेमा आम पाठक, शिक्षक, समालोचक, अनुसन्धान कर्ता आदि सबैलाई निकै फाइदा पुग्दछ । कुनै पनि कृतिको शैलीवैज्ञानिक अध्ययनबाट भाषाशैली वाक्यगठन शब्द गठन भाषिक चयन , विचलन एवम् समानान्तारका बारेमा समेत जानकारी प्राप्त गर्न सकिन्छ । यसबाट भाषाको कलात्मक सौन्दर्य र सिर्जनात्मक अभिव्यकित क्षमता प्राप्त गर्न सकिन्छ ।

प्रस्तुत अध्ययन उपन्यासकार रमेश सायन 'अन्तर' उपन्यासको शैलीवैज्ञानिक अध्ययनबाट प्रस्तुत गरिएका निष्कर्षको अध्ययनबाट पाठक वर्गहरुलाई कृतिमा के कस्तो विषयवस्तु,पात्र,कथानक, परिवेश,समावेश भएको छ,कृतिकारहरुलाई आफ्नो कृतिमा देखा परेका समस्याहरुको समाधान

गर्न,समालोचकहरुलाई समालोचनामा शैलीविज्ञानको अध्ययन गर्न सहजता ल्याउन र विषय शिक्षणलाई विषयवस्तुको ज्ञान पोख्त बनाउन समेत फाइदा भएकाले यो अध्ययन औचित्यपूर्ण छ ।

## १.५ अध्ययनको परिसीमा

प्रस्तुत शोधकार्य पुरा गर्नका लागि निम्न परिसीमामा बुकहिल पब्लिकेसन प्रा,लि काठमाडौबाट प्रकाशित ‘अन्तर’ २०८० उपन्यासको शैलीवैज्ञानिक अध्ययन एवम् विश्लेषण गरिएको छ ।

क. फ्रेटागको पिरामिडको आधारमा ‘अन्तर’ उपन्यासको कथानकको अध्ययनमा सीमित रहेको छ ।

ख. उक्त उपन्याका १९ जना पात्र एवम् वर्गीकरण लिङ्ग,कार्य,प्रवृति,स्वभाव,जीवनचेतना,आसन्नता र आवद्दताका आधारमा सीमित रहेको छ ।

ग. उक्त उपन्यासमा प्रयुक्त भाषिक चयन र विचलन आधरमा मात्र विश्लेषण सीमित रहेको छ ।

## १.६ पारिभाषिक शब्द

यस शोधकार्यमा भारिबारिक शब्दहरुको प्रयोग भएका कारण ती शब्दहरुको अर्थ निम्नानुसार रहेको छः

पुस्तकालयीय अध्ययन विधिः सम्बन्धित विषयवस्तुमा केन्द्रित भएर पुस्तकालयमा प्रत्यक्ष रूपमा उपस्थित भइ गरिने अध्ययन ,

प्राथमिक स्रोतः  अनुसन्धानकर्ता स्वयम्ले पहिलो पटक प्रयोग गरेको तथ्य सामाग्री,

द्वितीयक स्रोतः अन्य अनुसन्धानकर्ता वा कुनै निकायले पहिल्यै प्रयोग गरेको सामाग्रीहरु,

चयनः छान्नेक्रम/रोज्ने कार्य/धैरै मध्ये कुनै एकको छनोट गर्ने कार्य,

समानान्तरताः पद,पदावली वाक्यांश/वाक्य वा भावार्थको पुनरावृति हुनु,

विचलनः प्रचलित नियमलाई उथलपुथल पार्ने कार्य/मानक भाषाको अतिक्रमण गर्नु,

अग्रभुमिनिर्माणः खास ध्वनि,पद,पदावली तथा वाक्यलाई विशेष जोड दिएर अगाडि सार्नु,

शैली ;  भाषिक संरचना र साहित्यक संरचनालाई जोड्ने कार्य,

वस्तुपरक ; बाहिरी वस्तु जगतलाई जोड्ने कार्य,

**१.७ अध्ययनको रुपरेखा**

प्रस्तुत शोधकार्यलाई निम्नलिखित अध्यायमा विभाजन गरी अध्ययन अनुसन्धान गरिएको छः

**अध्याय-एक** ; शोध परिचय

**अध्याय-दुई** ; पूर्वकार्यको समीक्षा र सैद्वन्तिक अध्ययन

**अध्याय-तीन** ; अध्ययन विधि तथा प्रक्रिया

**अध्याय-चार** ; व्याख्या तथा विश्लेषण प्रक्रिया

**अध्याय-पाँच** ; सारांश,निष्कर्ष र उपयोगिता सन्दर्भसूची परिशिष्ट शैलीविज्ञानसँग सम्बन्धित भएर विभिन्न अनुसन्धानकर्ताले अनुसन्धान गरेको पाइन्छ । यस क्रममाः

## अध्यायः दुई

## पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रुपरेखा

### २.१ पूर्वकार्यको समीक्षा

शैलीविज्ञानसँग सम्बन्धित भएर विभिन्न अनुसन्धानकर्ताले अनुसन्धान गरेको पाइन्छ । यस क्रममाः

ओली (२०७१) द्वारा नेपाली शिक्षा विभाग कन्काइ बहुमुखी क्याम्पस सुरुङ्गा झापाअन्तर्गत **'दृष्टि' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** गरिएको पाइन्छ । उक्त अनुसन्धानका उद्वेश्यहरु (क) कथावस्तु र पात्रका आधारमा दृष्टि उपन्यासको विश्लेषण गर्नु (ख) चयन,विचलन र समानान्तरताका आधारमा दृष्टि उपन्यासको विश्लेषण गर्नु र (ग) शैली वैज्ञानिक पद्वतिका आधारमा प्रस्तुत कृतिको मुल्याङ्कन गर्नु रहेका छन् । उक्त शोध कार्यमा पुस्तकालयीय कार्य एवम् वर्णनात्मक विधिको प्रयोग गरिएको पाइन्छ।तथ्याङ्क सङ्कलनका निम्न प्राथामिक स्रोतका रुपमा 'दृष्टि' उपन्यासलाई लिइएको छ भने साहित्यकारका लेख रचना र पत्रपत्रिकालाई द्वितीयक स्रोत सामग्रीका रुपमा लिइएको छ ।

नेपालमा भएको दशवर्षे जनयुद्वलाई विषयवस्तु बनाइएको 'दृष्टि' उपन्यास एक सामाजिक यथार्थवादी उपन्यास रहेको समाजको वास्तविक चित्र उतारेको कथावस्तु रौखिक ढाँचामा प्रस्तुतमा गरिएको प्रमुख पात्र वाहेक अन्य पात्रहरुको नाम वास्तविक राखिएको,तत्सम,तद्भवर आगन्तुक शब्दको प्रयोग भएको बाह्य र आन्तरिक समानान्तरताको प्रयोगले उपन्यासको भाषा उत्कृष्ट बनेको निष्कर्ष 'दृष्टि' उपन्यासको उध्ययनबाट निकालिएको छ ।

नेपाल (२०६३) द्वारा **'लङ्गडाको साथी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ। उक्त शोधपत्रमा (क). 'लङ्गडाको साथी' उपन्यासको कथानकको विकास (ख). उक्त उपन्यासका चरित्रलाई शैलीवैज्ञानिक आधारमा विश्लेषण र वर्गीकरण तथा (ग). भाषाका आधारमा लङ्गडाको साथी उपन्यासको विश्लेषणलाई समस्या मानी तिनीहरुको विश्लेषण गर्नुलाई उद्वेश्य राखी पुस्तकालयीय अध्ययन उपयोग गरी विषयवस्तुमा स्पष्टता र दिशानिर्देश गर्नुलाई विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । उक्त अध्ययन बाट 'लङ्गडाको साथी' उपन्यास

अतिसमाजिक यथार्थवादी धरातलमा सर्जना भएको तथा अतियथार्थवादलाई औल्याइएको उत्कृष्ट उपन्यास हो भनिएको छ । पशु र मानवबिच सिर्जना भएको र आत्मीयताको कारण लङ्गडाको साथी उपन्यासको प्रमुख पात्र लङ्गडाको मृत्युपश्चात कुकुर पनि भाव विह्वलताले गर्दा करुण रसको उद्बोध गराएको छ भनि निकालिएको छ । लङ्गडाको साथी उपन्यासको शैलीवैज्ञानिक अध्ययनको निष्कर्षले प्रस्तुत शोधको शैलीवैज्ञानिक समस्यासँग सम्बन्धित तथ्यहरुको विश्लेषणका निम्ति आंशिक आधार प्रदान गर्दछ ।

रेग्मी (२०७२) द्वारा नेपाली भाषा शिक्षण विभाग सुकुना क्याम्पस अन्तर्गत **'विभाजित समय' उपन्यासको शैलीविज्ञानको अध्ययन** गरिएको पाइन्छ । उक्त उध्ययनको उद्वेश्यहरु (क), कथानकका आधारमा विभाजित समयको उपन्यासको विश्लेषण गर्नु (ख). चरित्रका आधारमा विभाजित समय उपन्यासको विश्लेषण गर्नु (ग.) चयनका आधारमा उक्त उपन्यासको विश्लेषण गर्नु (घ). विचलन र समानान्तरताका आधारमा समेत उक्त उपन्यासको विश्लेषण गर्नु रहेको छन् । उक्त आधारमा समेत उक्त उपन्यासको विश्लेषण गर्नु रहेको छन् । उक्त अध्ययनमा पुस्ताकलीय विधिलाई प्रमुख आधार बनाएको पाइन्छ।प्राथामिक स्रोतका रुपमा विभिन्न शोधपत्रहरु पत्रपत्रिका तथा साहित्यकारका कृतिहरुलाई तथ्याङ्क सङ्कलन स्रोतका रुपमा लिइएको पाइन्छ ।

**'विभाजित समय'** उपन्यासमा समाजका जल्दाबल्दा समस्याहरुका प्रतिबिम्ब उतारिएको कारण सामाजिक यथार्थवादी उपन्यासका रुपमा स्थापित भएको,मानिसले गर्ने सानो गल्ती वा असावधानीका कारण आफू लगाएत सिङ्गो परिवारनै सेवा सुविधाको खोजिमा पहाडी क्षेत्रबाट तराई क्षेत्रमा बसाइँ सरी जाँदा भोग्नु परेको समस्याको चित्रण गरिएको महिलालाई पनि अवसर दिन सके पुरुष समान हैसियतमा पुग्न सक्छन भन्ने कुराको वकालत गरिएको,सामाजिक सांस्कृतिक एवम् राजनितिक आदि पक्षको चित्रण गरिएको उपन्यासको कथानक वृतकारिय ढाँचामा प्रस्तुत भएको साथै आन्तरिक र बाह्य समानान्तरको समुचित विन्यासले उपन्यासको भाषाशैली सरल ,सहज्,आकर्षक, मिठासयुक्त र प्रभावकारी भएको निष्कर्ष,'विभाजित समय' उपन्यासको अध्ययन मार्फत निकालेका छन् ।

सुवेदी (२०६३) द्वारा नेपाली शिक्षा विभाग जनता बहुमुखी क्याम्पस इटहरी सुनसरी अन्तर्गत **'दमिनी भीर' उपन्यासको शैलिवैज्ञानिक अध्ययन** गरिएको पाईन्छ । उक्त अनुसन्धानका उद्देश्यहरु

(क) 'दमिनी भिर' उपन्यासमा चयनको अध्ययन गर्नु (ख) 'दमिनी भिर' उपन्यासमा विचलनको अध्ययन गर्नु  (ग) 'दमिनी भिर' उपन्यासमा समानान्तरताको खोजी गर्नु र (घ) 'दमिनी भिर' उपन्यासमा चरित्रको विश्लेषण गर्नु रहेको छन् । उक्त शोध कार्यमा पुस्तकालयीय अध्ययनका रुपमा चयन गरी तथा वर्णनात्मक विधिको समेत प्रयोग गरिएको पाइन्छ । सहायक सामग्रीका रुपमा विभिन्न शोधपत्र र पत्रपत्रिका एवम् शैलिवैज्ञानिक विश्लेषण सँग सम्बन्धित लेख रचनाको अध्यय मार्फत उक्त शीर्षकमा शोधपत्र तयार पारिएको कुरा अध्ययनकर्ता सुवेदीले उल्लेख गरेका छन् ।

जोशी (२०७२) द्वारा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षण विभाग किर्तिपुरमा **'कर्तव्य' कथाको शौलीवैज्ञानिक अध्ययन** शीर्षकमा स्नातकोत्तर शोधपत्र प्रस्तुत गरिएको पाइन्छ । उक्त शोधमा  (क)  कर्तव्य कथामा के कस्ता समानान्तरताको प्रयोग पाइन्छ (ख)  यस कथामा चयन र विचलनको प्रयोग के कस्तो छ र  (ग)  के कस्तो शैली चिन्हको प्रयोग गरिएको छ भन्ने समस्याका रुपमा लिइएको छ । यस अनुसार कर्तव्य कथामा समानान्तरताको अध्ययन ,चयन र विचलनका आधारमा प्रस्तुत कथाको विश्लेषण र विवेच्य कथामा शैली  चिन्हको अध्ययन गर्नुलाई उद्वेश्य बनाइएको पाइन्छ । प्राथमिक स्रोतबाट सामाग्रीको सङ्कलन र द्वितीयक स्रोत अन्तर्गत पुस्तकालयीय विश्लेषणात्मक विधिको प्रयोग गरिएका  यस शोधमा लामा र छोटा वाक्यको प्रयोग , चिन्हहरुको उपयुक्त प्रयोग ,चयन ,विचलन र समानान्तरताले गर्दा काव्यात्मक भाषाको प्रयोग गरिएकाले कर्तव्य एक उत्कृष्ट कथा बनेको निष्कर्ष निकालिएको पाइन्छ ।

घिमिरे (२०७४) द्वारा **'शुन्य डिग्री' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** गरिएको पाइन्छ । उक्त अनुसन्धानका उद्वेश्यहरु  (क) फ्रोटागको पिरामिडका आधारमा 'शून्य डिग्री' उपन्यासको कथाकको अध्ययन गर्नु । (ख) उक्त उपन्यासको शैलिवैज्ञानिक अधारमा चरित्रको विश्लेषण गर्नु (ग) चयनका आधारमा उक्त उपन्यासको भाषिक पक्षको विश्लेषण गर्नु । (घ)  विचलन र समानान्तरताको आधारमा उक्त उपन्यासको भाषिक विश्लेषण गर्नु रहेका छन । उक्त शोध कार्यमा पुस्तकालयीय अध्ययनलाई प्रमुख विधिका रुपमा चयन गर्नु तथा वर्णनात्मक विधिको समेत प्रयोग गरिएको पाइन्छ । प्रस्तुत 'शुन्य डिग्री' उपन्यासमा रामदाइ भन्ने पात्रले आफ्नो घर परिवारको आर्थिक  स्थिति सुधार गर्न गर्नु परेको सङ्घर्ष एवम् आर्थिक विपन्नताका कारण भोग्नु परेको दु:ख र पीडालाइ उपन्यासको कथावस्तु बनाइएको छ । त्यसैगरी बहुविवाहका कारण उत्पन्न हुने पारिवारिक समस्याका साथै राजनितिक तथा

समाजिक क्षेत्रमा हुने खिँचातानीको स्थितिलाई समेत कलात्मक ढङ्गले चित्रण गरिएको छ भन्ने निष्कर्ष निकालेका छन् ।

निरौला (२०७५) द्वारा जनता बहुमुखी क्याम्पस इटहरी अन्तर्गत **'प्रिय सुफी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकको शोध कार्य गरिएको पाइन्छ । उक्त शोधमा (क) कथानकका अधारमा 'प्रिय सुफी' उपन्यास के - कस्तो छ ? (ख) चरित्रका अधारमा 'प्रिय सुफि' उपन्यास के कस्तो छ? चयन , विचलन र समानान्तरताका आधारमा 'प्रिय सुफि' उपन्यास कस्तो देखिन्छ ? भन्ने समस्याका रुपमा लिइएको छ । उक्त अनुसन्धानमा उद्वेश्यहरु (क) फ्रोटागको पिरामिडका आधारमा 'प्रिय सुफी' उपन्यासको कथानको विश्लेषण गर्नु (ख) चरित्रका आधारमा 'प्रिय सुफी' उपन्यासको विश्लेषण गर्नु (ग) चयन , विचलन र समानान्तरताको आधारमा 'प्रिय सुफी' उपन्यासको विश्लेषण गर्नु रहेको पाइन्छ भने पुस्तकालयीय अध्ययनको प्रयोग गरी वर्णनात्मक ढाँचामा व्याख्या गरिएको छ ।

'प्रिय सुफी' उपन्यासमा भाषिक चयन अन्तर्गत तत्सम,तद्भव,आगान्तुक र अनुकरणात्मक शब्दहरु मध्ये तत्सम् शब्दको बाहुल्यता बडी हुनका साथै नाम ,सर्वनाम , विशेषण कृयापद , नामयोगी ,कृयायोगी , निपात , संयोजक , विस्मयादिबोधक आदि शब्दहरुको समुचित विन्यासले भाषा आकर्षक र प्रभाबकारी बन्न पुगेको छ । त्यसैगरी माया प्रेममा आउन सक्ने बाधा ,अडचन तथा चुनैतिहरुको सामना स्वयम आफुनै गर्नु पर्ने र अशक्त भएका बेला साथीहरुको सहयोग नपाए पनि जिवनमा कहिल्यै हार नखानु भन्ने कुरालाई प्रस्तुत गर्दै निष्कर्ष निकालिएको छ ।

प्रस्तुत सोधकार्य पूर्व शैलीवैज्ञानिक अध्यय विषय क्षेत्रमा ओली (२०७१) नेपाल (२०६३) रेग्मी (२०७२) , सुवेदी (२०७३) जोसी (२०७२) घिमिरे (२०४४) भुजेल (२०७२) र निरौला (२०७५) ले शोधकार्य सम्पन्न गरेका छन् । यी मध्ये पहिलो शोधार्थीले 'दृष्टि' उपन्यासको शैलीवैज्ञानिक अध्ययन , दोस्रो शोधार्थीले 'लङ्गडाको साथी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन , तेस्रो शोधार्थीले 'समय' उपन्यासको शैली वैज्ञानिक अध्ययन ,चौथो शोधार्थीले 'दामिनी भीर' उपन्यासको शैली वैज्ञानिक अध्ययन पाँचौ शोधार्थी 'कर्तब्य' कथाको शैली वैज्ञानिक अध्ययन, छैठौ शोधर्थीले 'शून्य डिग्री' उपन्यासको शैली वैज्ञानिक अध्यय , सातौ अध्ययन र आठौ शोधार्थीले 'प्रिय सुफि' उपन्यासको शैली वैज्ञानिक अध्ययन कार्य सम्पन्न गरेका छन । यसरी हेर्दा उल्लेखित शीर्षक एवम् विषयमा अध्ययन

कार्य सम्पन्न भएछि रमेश सायनद्वारा लिखीत अन्तर (२०८०) उपन्यासको शैलीवैज्ञानिक अध्ययन हाल सम्म कोही कसैबाट पनि नभएको हुँदा यो अध्ययन प्रथम र नितान्त नयाँ रहनेछ।

## २.२ पूर्व कार्यको उपयोगिता

अध्ययन अनुसन्धानकर्ताले अनुसन्धान गर्न लागेको विषय र शीर्षकसँग सम्बन्धित कार्यहरु त्यसभन्दा अगाडि के कस्ता खोज ,अनुसन्धान र लेखन कार्य भएका छन तिनीहरुलाई पूर्व कार्य भनिन्छ। यसरी अनुसन्धानकर्ताले आफूले गर्न लागेको अनुसन्धान कार्यलाई पूर्वकार्यसँग तुलना गरेको विशिष्ट मौलिक र नविन एवम् औचित्य सावित गर्ने कार्य पूर्व कार्यको समीक्षाबाट नै हुने गर्दछ यसका अतिरिक्त अनुसन्धान कर्ताले गर्न लागेको अनुसन्धान कार्य के कतिको नयाँ वा पुरानो हो कतिको महत्वपूर्ण छ वा छैन भन्ने कुराको जानकारी मिल्दछ। पूर्वकार्यको समीक्षा अनुसन्धान प्रस्तावको एउटा अत्यन्तै महत्त्वपूर्ण अङ्ग हो। त्यसैले पूर्वकार्यबाट अनुसन्धानको औचित्य र महत्त्वपूर्ण लाई स्थापित गर्नका लागि मदत गर्दछ।

पूर्वकार्यबाट अनुसन्धानका लागि उद्देश्य करिकल्पना अनुसन्धान पद्दतिको छनोट र पहिचानमा मद्दत पुग्ने ,समस्याको वास्तविकता पहिचान गर्न सकिने ,अनुसन्धेय शीर्षकको औचित्य सिद्व गर्न, सम्बन्धित विषयमा गहन ज्ञान प्राप्त हुने अनुसन्धानको विषय छनोट बारे सुरु भएर अन्त्य सम्म नै महत्वका साथ रहिरहने यो अङ्गले अनुसन्धान कार्यमा पुरानो सिद्दान्त र कार्य पद्वतिको निरुपण गरेर अनुसन्धेय विषय मा मौलिक योगदान दिन्छ। त्यसैले अनुसन्धान लाई मौलिक विशिष्ट र नविन बनाउनका लागि अनुसन्धानमा पूर्वकार्यको उपयोगिताको अपरिहार्यता रहन्छ।

पूर्वकार्यको समीक्षाले समस्यालाई राम्ररी बुझ्न , विश्लेषण गर्न र शीर्षक चयन गर्न सहयोग गर्ने प्रावकल्पना निर्माण गर्नु , अनुसन्धानका उद्वेश्यहरु निर्धारण गर्न र अनुसन्धान पद्वति निक्यौल गर्न ,अनुसन्धानलाई उपलब्धि मुलक बनाउन नविन धारणा पहिल्याउन नयाँ सिद्धान्तको खोजी गर्न , सम्बन्धित विषयको गहिरो ज्ञान प्राप्त गर्न ,अनुसन्धानलाई बैध र विश्वसनीय बनाउन , अनुसन्धानको ढाँचा निर्धारण गर्न, उपयुक्त र अनुकूल उपकरण को छनोट गर्न ,पहिले भएका अनुसन्धान क्षेत्रहरु पत्ता लगाउन पुर्वकार्यको समीक्षा उपयोगी हुन्छ ( भट्टराई ९५)। यस अनुसन्धान कार्यका लागि यसभन्दा अगाडिका अनुसन्धान कार्यहरुको अनुसन्धान ले पूर्वकार्यको रुपमा सहयोग प्रदान गरेको छ। अत:

प्रस्तुत शोधकार्यलाई निश्चित ठाउँमा पुर्याउन पूर्वकार्यको समीक्षाबाट प्राप्त जानकारी अनुसार विभिन्न समयमा विभिन्न उपन्यासमा शैलीवैज्ञानिक अध्ययन भएको पाइयो । तापनि रमेश सायनद्वारा रचना गरिएको 'अन्तर'  उपन्यासमा भने हालसम्म त्यस किसिमको अध्ययनमा नभएको कुरा पूर्वकार्यको समीक्षाबाट प्रष्ट भएको हुदाँ उक्त उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्नु उचित ठानी शोधकार्य गरिएको हो र यो नै 'अन्तर' उपन्यासको पहिलो शैलीवैज्ञानिक उध्ययन भएको छ । माथिका पूर्वकार्यहरु यस शोधपत्रको प्रारुपनिर्माण , सामग्री सङ्कलन , तालिकीकरण व्याख्या विश्लेषण आदिमा उपयोगी देखिएका छन् ।


## २.३ सैद्वान्तिक आधार

प्रस्तुत अध्ययन फ्रोटागको पिरामिडको आधारमा कथावस्तुको विश्लेषण गरिनेछ भने शर्मा : २०४८ का आधारमा चरित्र त शैलीको अध्ययन गरिनेछ ।

### २.३.१ कथानको विकासक्रम

उपन्यासको कथानकको विश्लेषण फ्रोटागको पिरामिडको **'अन्तर'** अनुसार देखाउन सकिन्छ । प्रसिद्द जर्मन समालोचक गुस्ताभ फ्रोटागले आख्यानात्मक कृतिका संरचनामा पाइने कथानकको जुन विकासक्रम निर्धारण गरेका छन्, त्यसैलाई उनकै नामबाट फ्रोटागको पिरामिड भनिन्छ ( शर्मा : २०४८:१७१ ) । फ्रोटागको पिरामिड अनुसार कथानकको विकासलाई पाँच चरण मा विभाजन गरेर अध्ययन गरिनेछ , जुन फ्रोटागको पिरामिडलाई निम्नानुसार देखाइएको छ :-

तालिका नं. : १  फ्रोटागको पिरामिड




शर्मा , २०४८ : १७१

फ्रोटागको पिरामिडमा प्रस्तुत गरिएका विकासक्रमका अवस्थालाई निम्नानुसार चिनाउन सकिन्छ :-

**२.३.२ चिनारी**

कथानकको सुरुवात बिन्दुलाई आरम्भ वा चिनारी भनिन्छ। चिनारीलाई कथानक विकासको पहिलो अवस्था भनिन्छ। यस भागमा कृतिभित्र हुने विविध उत्तारचढाव पूर्व सङ्केत एवम् पात्रहरुले सामना गर्नुपर्ने परिस्थितिको जानकारी पाइन्छ।

**२.३.३ सङ्घर्ष विकास**

कथानक विकासको दोस्रो अवस्थाकार रुपमा सङ्घर्ष विकासलाई मानिन्छ ( शर्मा २०४८: १६७ ) । यस चरण मा कृतिभित्रका घटना तथा उपघटनाहरु क्रियाशील हुँदै जान्छन्।

**२.३.४ चरम**

चिनारीलाइ कथान विकासको चौथो अवस्था हो। यस चरण मा आइपुगेपछि छरिएको घटना प्रवाहलाई समेट्ने संगाल्ने गरिन्छ ( शर्मा , २०४८:१६८)।

**२.३.५ सङ्घर्षह्रास**

कथानका विकासको चौथो अवस्था हो। यो चरणमा आइपुगेपछि छरिएको घटना समेट्ने र संगाल्ने गरिन्छ (शर्मा,२०४८;१६८)।

**२.३.६ उपसंहार**

यो कथानक विकासको अन्तिम चरण हो। यस अवस्थामा आइपुगेपछि पात्रहरु बीचमा चलेका संघर्षको अन्त्य हुन्छ साथै पात्रहरुका समस्याको निराकरण हुन्छ (शर्मा,२०४८;१६८)।

**२.३.७ चरित्रको विश्लेषण एवम् वर्गीकारणका आधार**

चरित्रलाई उपन्यासको महत्वपूर्ण तत्व मानिन्छ। चरित्रकै कारण कथानक अगाडी बडने भएका कारण नै ‘अन्तर’ उपन्यासको चरित्रको वर्गीकरण का आधारमा निम्न रहेका छन् :

**२.३.७.१ लिङ्गका आधारमा**

उपन्यासमा प्रयोग भएका पात्र वा चरित्रहरुको प्राकृतिक वा शारीरिक जात छुट्याउने आधार लिङ्ग हो। ( शर्मा , २०४८ : १७४ ) नायक नायिकालाई अनुकूल पात्रका रुपमा लिइन्छ भने

खलनायक र खलनायिकालाई प्रतिकूल पात्रका रुपमा लिइन्छ

**२.३.७.२ कार्यका आधारमा**

उपन्यासमा प्रयोग हुने पात्रहरुको श्रमिक अनुसार पात्रहरुलाई मुख्य, सहायक , गौण गरी वर्गीकरण गरिएको हुन्छ । उपन्यासमा सुरुदेखि अन्त्यसम्म प्रमुख भूमिका खेल्ने पात्रलाई सहायक र कम देखापर्ने बीच - बीचमा देखा पर्ने र हराउने पात्रलाई गौण रुपमा चिनिन्छ ( शर्मा , २०४८ : १७४ ) ।

**२.३.७.३ प्रवृत्तिका आधारमा**

प्रवृत्तिका अधारमा पात्रलाई प्रतिकुल र अनुकूल गरी दुई भागमा विभाजन गरिएको पाइन्छ ( शर्मा , २०४८:१७४) । नायक नायिकालाई अनुकूल पात्रका रुपमा लिइन्छ भने खलनायक , खलनायिकालाई प्रतिकूल पात्रका रुपमा लिइन्छ ।

**२.३.७.४ स्वभावका आधारमा**

स्वभावका आधारमा आख्यानात्म कृतिका पात्रहरुलाई गतिशील र गतिहीन गरि दुई वर्गमा वर्गीकरण गर्न सकिन्छ । देशकाल ,परिस्थिति अनुसार स्वभावमा परिवर्तन ल्याउने पात्र गतिशील पात्र हो भने स्वभाव सिद्दान्त र जीवनलाई परिस्थिति अनुसार परिवर्तन नल्याउने पात्रलाई गतिहीन पात्रको रुपमा लिइन्छ ( शर्मा,२०४८:१७४) ।

**२.३.७.५ जीवन चेतनाका आधारमा**

व्यत्तिगत र वर्गीय गरी जीवन चेतनाका आधारमा पात्रहरुलाई दुई भागमा विभाजन गरिएको पाइन्छ (शर्मा ,२०४८: १७५) । निश्चित सामाजिक भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनिधित्व गर्ने पात्रलाई वर्गीय पात्रको रुपमा लिइन्छ भने यसका विपरीत सामाजिक भूमिका भन्दा नितान्त फरक निजी स्वभाव वा वैयक्तिकताको प्रतिनिधित्व गर्ने पात्र व्यत्तिगत पात्र हुन् ।

**२.३.७.६ आसन्नताका आधारमा**

आसन्नाताका आधारमा मञ्चिय र नेपथ्य गरी दुई भागमा वर्गीकरण गरिएको पाइन्छ (शर्मा २०४८: १७५) प्रत्यक्ष रुपमा आफ्नो भूमिका निर्वाह गर्ने मात्र मञ्चिय र कृतिमा अप्रत्यक्ष भूमिका निर्वाह गर्न पात्रलाई नेपथ्य पात्रका रुपमा चिनिन्छ ।

**२.३.७.७ आबद्धताका आधारमा**

बद्द र मुक्त  गरी आवद्वताका आधारमा पात्रहरुलाई दुई भागमा विभाजन गरिएको पाइन्छ। कथानक संग प्रत्यक्ष सम्बन्धित भएका पात्रहरु बद्व पात्र हुन भने प्रत्यक्ष सम्बन्धित नभएका पात्र मुक्त पात्र हुन (शर्मा २०४८ :१७५)।

माथि उल्लेखित आधारमा 'अन्तर' उपन्यासको कथानकमा प्रयुक्त पात्र। चरित्रहरुको वर्गीकरण गरी विश्लेषण गरिएको छ।

**२.३.३ कृति विश्लेषणका शैली वैज्ञानिक आधार**

भाषिक संरचना र साहित्यिक संरचनालाई जोड्ने कार्य शैलीले गर्दछ ( भण्डारी र अन्य , २०६८ :३८, )। साहित्यिक कृतिमा प्रयुक्त शैलीको शैली विश्लेषण मा भाषिक सरचना आधारभुत र साहित्यिक संरचना शीर्षकृत वा मुख्य भएर आएको हुन्छ। कृतिको सौन्दर्य निर्माणमा शैलीले महत्वपूर्ण भूमिका निर्माण गर्दछ। यस अन्तर्गत निम्नलिखित पक्षहरु पर्दछन् :

**२.३.३.१ विकल्पन र चयन**

विकल्पको अर्थ यो वा अन्य भन्ने हुन्छ भने चयनको अर्थ छनोट हो। भाषाका विभिन्न स्तरहरु वर्ण ,रुप ,पदावली , शब्द , वाक्य , शैली तथा अर्थगत व्यापकताबाट आवश्यकता अनुसार खास एकाइको छनोट गर्नु नै चयन हो (भण्डारी र अन्य २०६८: ३६)। छन्दका विविध विकल्प हरु मध्ये कुनै एकको छनोट गर्नु , विभिन्न अलङ्कार मध्ये कुनै एकको छनोट गर्नु , विभिन्न अलङ्कार मध्ये कुनै एकको छनोट गर्नु , विभिन्न परित्र र परिवेश आदिबाट सान्दर्भिक पक्षहरु छान्नु चयन सम्बन्धी कार्य हो।

**२.३.३.२ अग्रभूमि निर्माण**

रचनाको कुनै अंशलाई विशिष्ट तुल्याउन सो अंशमा विशेष बल दिनु नै अग्रभूमि निर्माण हो। ( शर्मा २०४८ :१० )। स्रष्टाले आफ्नो अभिव्यक्तिलाई आकर्षक बनाउनका लागि खास ध्वनि , पद , पदावली तथा वाक्यलाई विशेष जोड दिएर अगाडि राख्नु नै अग्रभूमि निर्माण हो। पश्चभूमिमा रहेको

सुचनालाई अग्रभागमा ल्याई नवीनता को सिर्जना गर्नु नै अग्रभूमि निर्माणको खास प्रयोग हो। खास गरी रचनाको कुनै भागलाई विशिष्ट बनाई सौन्दर्य प्रकट गर्न यसको प्रयोग गरिन्छ।

**२.३.३.३ समानान्तरता**

भाषा प्रयोग को नियमित पुनरावृतिलाई समानान्तरता भनिन्छ। (शर्मा २०४८:१०)। यो उद्देश्यमूलक र सार्थक हुने गर्दछ। विचलनको विपरीत उपकरणका रुपमा देखाउने समानान्तरता भनेको नियमितताको अत्याधिक परिपालन हो। समनान्तरताको शब्द र धारणाका प्रथम प्रयोक्ता प्राग सम्प्रदायक भाषाविद् रोमन योकोब्सन हुन्। समानान्तरताको प्रयोग भाषामा विभिन्न स्तरहरु वर्ण रुपमा शब्द ,पदावली ,वाक्य , लय तथा अर्थका रुपमा फेला पार्न सकिन्छ। समानान्तरताको निम्नालिखित दुई किसिमका हुन्छन्

**२.३.३.३.१ बाह्य समानान्तरता**

साहित्यिक कृतिको आवरण पक्ष अर्थात वर्ण ,रुप , शब्द पदावली , वाक्य लय तथा अलङ्कारमा देखापर्ने पुनरावृत्तिलाई बाह्य समानान्तरता भनिन्छ। यो ठोस स्थुल प्रकृतिको हुन्छ।

**२.३.३.३.२ आन्तरिक समानान्तरता**

अर्थको पुनरावृत्ति हुनुलाई आन्तरिक समानान्तरता भनिन्छ। यो भावर्थ र वाच्यार्थ गरी दुई प्रकारका हुन्छन्। भावार्थ भनेको चाहि भाव वा विचार पक्षको पुनारावति भन्ने बुझिन्छ भने मूख्य अर्थको पुनारावृति हुनुलाई वा अभिधा शब्दशत्तिको पुनारावृतिलाई वाच्यार्थ समानान्तरता भनिन्छ।

**२.३.३.४ विचलन**

मानक भाषाको अतिक्रमण वा उल्लङ्घन लाई विचलन भनिन्छ ( शर्मा ,२०४८:११)। भाषाको प्रचलित ढाँचालाई आतिक्रमण गरी सौन्दर्य प्रदान गर्नु नै विचलन हो। यस्तो अतिक्रमण उद्देश्यमूलक र सार्थक ढङ्गले हुने गर्दछ। भाषाविद् सस्युरको लाङ र प्यारोल मध्ये प्यारोलको अवधारणासंग विचलनलाई जोडेर हेर्न सकिन्छ किन भने कृतिमा प्रयोग भएको भाषा प्यारोल हो। विचलन विभिन्न प्रकारका हुन सक्ने भए पनि खासमा निम्नालिखित सात (७) प्रकारका छन्।

(क) कोशीयविचलन

शब्दकोशमा समावेश नभएका शब्दहरुलाई नयाँ पनका साथ उपस्थित गराएर आफ्नो अभिव्यक्तिलाई मूर्त तथा प्रभावकारी बनाउनका लागि प्रस्तुत गरिने शब्दहरु कोशीय विचलनयुक्त शब्द हुन्।

(ख) व्याकरणिक विचलन

लिङ्ग , वचन , पुरुष , काल , भाव पक्ष वाल्य , करण अकरण जस्ता व्याकरणात्मक कोटिहरु ,पद्सङ्गति पद्क्रम यसमा राखिन्छ।

(ग) ध्वनि वा वर्णगत विचलन

लेख्य भाषालाई कथ्य उच्चारण प्रकृतिमा ढालेर गरिने विचलनलाई यस अन्तर्गत राख्न सकिन्छ।

(घ) लेख्य प्रक्रियागत विचलन

शब्द लेखाइका सन्दर्भमा देखिने विचलनलाई यस अन्तर्गत राखिन्छ।

(ङ) अर्थगत विचलन

अर्थगत रुपमा देखापर्ने विचलनलाई यस अन्तर्गत राखिन्छ।

(च) भाषिक विचलन

विभिन्न भाषिकाको प्रयोगबाट देखिने विचलनलाई यस अन्तर्गत राखिन्छ।

(छ) प्रयुक्तिगत विचलन

एउटा परिस्थिति वा प्रसङ्ग अनुरुपको भनाइलाई अर्को प्रसङ्ग वा भाषिक व्यवहारमा प्रयोग गर्नुलाई प्रयुक्तिगत विचलन भनिन्छ।

### २.३.३.५ विविधता


विषय र प्रयोगकर्ताका अनुसार एउटा भाषामा विभिन्न भेदहरु देखापर्दछन् र यिनै भेदहरुलाई विविधता भनिन्छ (शर्मा ,२०४९:८) । साहित्यिक कृतिहरुमा यस्ता अनेक प्रकारका विविधताहरु देख्न पाइन्छ । शैलिविज्ञानले प्रयुक्तिका आधारमा कृतिमा प्रयुक्त विविधताको विश्लेषण गर्छ ।

माथिचर्चा गरिएका सैद्वान्तिक आधारहरु मध्ये फ्रोटागको पिरामिड अनुसार कथानकको विश्लेषण गरिनेछ भने लिङ्ग कार्य प्रवृति , स्वभाव , जीवनचेतना , आसन्नता र आवद्वताका आधारमा 'अन्तर' उपन्यासको कथानकमा प्रयुक्त पात्रहरुको शैलीवैज्ञानिक अध्ययन तथा विश्लेषण गरिनेछ । त्यसैगरी चयन , विचलन र समानान्तरताको आधारमा उक्त भाषिक विश्लेषण गरिनेछ ।

प्रस्तुत शोधकार्यको आधारमा धारणात्मक संरचनालाई निम्नानुसार चित्रमा देखाइएको छ ।

तालिका नं. ; २

धारणात्मक संरचना



# अध्यायः तीन

# अध्ययनको विधि र प्रक्रिया

## ३.१ अध्ययनको संरचना

**'अन्तर'** उपन्यासको शैलीवैज्ञानिक आधारमा विश्लेषण गरिएको छ । उक्त उपन्यासको विश्लेषण गर्दा प्रमुख विधिका रुपमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । प्रस्तुत शोधपत्रमा सङ्कलित सामाग्रीहरुको गुणका आधारमा अध्ययन गरिएको हुँदा गुणात्मक ढाँचाका साथै त्यसै सामग्रीका विशेषताका आधारमा वर्णनात्मक तथा व्याख्यात्मक विधिलाई अपनाएर अध्ययन गरिएको छ। यसै गरी पुस्तकालयमा उपलब्ध भएका शैली विश्लेषण सम्बन्धी विभिन्न साहित्यकारका लेखरचना , समालोचनात्मक काव्यकृति , पत्रपत्रिका एवम् सम्बन्धित शीर्षकसँग मिल्दा जुल्दा शोधपत्रहरुको अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिएको छ। उपन्यासभित्रका कथावस्तुलाई फ्रोटागको पिरामिडका आधारमा ५ चरण मा वर्गिकरण गरी देखाएको छ। पात्र चरित्रको शैलीवैज्ञानिक आधारमा विश्लेषण र चयन , विचलन एवम् समानान्तरताको आधारमा उक्त उपन्यासको भाषिक विश्लेषण गरिएको छ।

## ३.२ जनसङ्ख्या

' अन्तर' उपन्यास र त्यसमा प्रयोग भएका पात्रहरुलाई जनसङ्ख्याको रुपमा लिइएको छ।

## ३.३ नमुना छनोट

प्रस्तुत सोधकार्यको निम्ति 'अन्तर' उपन्यासको कथानक पात्र , चयन ,विचलन र समानान्तरतालाई नमुनाका रुपमा चयन गरिएको छ।

## ३.४ उपकरण निर्माण

यस शोधकार्यमा उपकरण निर्माण गर्दा निम्न दुई स्रोतलाई आधार मानिएको छ :

(क) प्राथमिक स्रोत

यस अनुसन्धान कार्यमा प्रथमिक स्रोतका रुपमा 'अन्तर' उपन्यासलाई लिइएको छ।

(ख) द्वितीय स्रोत

यस अनुसन्धानमा द्वितीयक स्रोतका रुपमा ‘अन्तर’ उपन्यासको शैलीवैज्ञानिक विश्लेषण सँग सम्बन्धित विभिन्न साहित्यकार एवम् समालोचकका लेखरचना र समालोचनात्मक ग्रन्थहरु , पत्रपत्रिकाहरु , सैद्धान्तिक पुस्तक , शैली विश्लेषणसँग सम्बन्धित काव्यकृतिलाई आधार मानिएको छ ।

**३.५ तथ्याङ्क सङ्कलन**

प्रस्तुत ‘अन्तर’ उपन्यास शैलीविज्ञानसँग सम्बन्धित विभिन्न सिद्धान्तमा आधारित भएर गरिने हुदाँ यिनै तथ्यहरुलाई आधार मानि यो अनुसन्धान कार्यमा पुस्तकालयीय अध्ययनलाई मुख्य आधार बनाइएको छ । पात्रहरुको शैलीवैज्ञानिक वर्गीकरणलाई प्रस्तुत गरिएको छ । कथानक र चरित्रको विश्लेषण गरिने छ । विभिन्न लेखरचना , समालोचकका रचना,कृति शैलीवैज्ञानिकसँग सम्बधित पुस्तक सम्बन्धित विषयका विज्ञहरुसँग सल्लाह , सुझाव लिएर तथ्याङ्गको व्याख्या एवम् विश्लेषण गरिनेछ । तथ्याङ्लाई तालिकामा प्रस्तुत गरिएको छ ।

**३.६ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया**

विभिन्न विधि एवम् प्रक्रियाबाट तथ्याङ्क अर्थात सूचना संकलन गरिसकेपछि प्राप्त ताथ्याङ्क लाई निश्चित विधि एवम् प्रक्रिया मापदण्डमा आधारित भएर व्याख्या एवम् विश्लेषण गर्नुपर्दछ् । तथ्याङ्क हरुको व्याख्या र विश्लेषणबाट नै शोधकार्यको उद्वेश्य अनुरुप निष्कर्षमा पुग्न सकिन्छ । यस अध्ययनमा पुस्तकालयीय अध्ययलाई मुख्य आधार बनाई वर्णात्मक पद्वतिमार्फत तथ्याङ्क को विश्लेषण र व्याख्या गरिएको छ । त्यसै गरि शैलीवैज्ञानिक सिद्वान्तलाई समेत प्रमुख आधार बनाई त्यसको अध्ययन विश्लेषण गरि त्यसैको आधारमा ‘अन्तर’ उपन्यासको शैलीवैज्ञानिक विश्लेषण गरिएको छ । यस उपन्यासका पात्र हरुलाई शैलीवैज्ञानिक आधारमा व्याख्या विश्लेषण गरिएको छ । उपन्यासको कथानकको विकासक्रमलाई फ्रोटागको पिरामिड (चिनारी , सङ्घर्ष विकास , चरम, सङ्घर्ष ह्रास र उपसंहार ) का आधारमा विश्लेषण गरिएको छ । चरित्र चित्रण शैलीवैज्ञानिक आधारहरु ( लिङ्ग , कार्य , प्रवृति , स्वभाव , जीवचेतना , आवद्वता र आसन्नता) रहेको छन । उपन्यासमा प्रयुक्त भाषिक पक्षको विश्लेषण चयन विचलन र समानान्तरताको आधारमा गरिएको छ । चयन अन्तर्गत तत्सम ,तदभव , आगन्तुक

अनुकरणात्मक , नाम , सर्वनाम ,विशेषण , क्रियापद , नामयोगी , क्रियाविशेषण , निपात , संयोजक र विस्मयादिवोधक आदि शब्दहरुको चयन अध्ययन र विश्लेषण गरिएको छ । यसै गरी आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञहरुसँग समेत सल्लाह सुझाव लिएर संरचनात्मक शैलीविज्ञानका विश्लेषणात्मक पद्वतिलाई आत्मसात् गरेर तथ्याङ्क को व्याख्या एवम् विश्लेषण गरिएको छ। तथ्याङ्क लाई तालिकामार्फत प्रस्तुत गरिएको छ।

## अध्याय:चार

## परिणाम र छलफल

### ४.१ 'अन्तर' उपन्यासको परिचय

यस अध्यायमा रमेश सायनद्वारा लिखित 'अन्तर' (२०८०) उपन्यासलाई शैलीविज्ञान अनुसार कथानक र फ्रेटागको पिरामिडको आधारमा त्यसको विकासक्रम निर्धारित सात आधारमा पात्र विधान,चयन,विचलन र समानान्तरताको अध्ययन गरिएको छ।

### ४.२ 'अन्तर' उपन्यासमा कथानक

### ४.२.१ 'अन्तर' उपन्यासको कथानक

जुनसुकै साहित्यक विधामा आफ्नै संरचक घटकहरु भएझै उपन्यासमा पनि संरचक घटकहरु छन्। ती घटकहरुमध्ये कथानक वा कथावस्तु पहिलो संरचक घटक हो। कथावस्तुले उपन्यासका घटनाहरुलाई तारतम्य मिलाई सुरुदेखि अन्त्यसम्म शृङ्खालित रुपमा प्रस्तुत गर्दछ। यसकै माध्यनबाट उपन्यास अघि बढेको हुन्छ। उपन्यासका यही तत्त्वको आधारमा पात्रहरु,परिवेश आदि तत्त्वहरु समन्वित भएका हुन्छन्। कथानकविनाको उपन्यासले गति लिन असम्भव प्रायःहुन्छ। आख्यानात्मक कृतिमा घटना र पात्रबीच कार्य-कारण सम्वन्ध स्थापित गरी पाठकमा उत्सुकता,कौतुहलता वा संशय जनाउने तत्त्वलाई कथानक भनिन्छ (सापकोटा २०५३;१४)। उपन्यासमा घटेका घटनावलीको योजनावद्द ढाँचा नै कथावस्तु हो। अतः कथानक उपन्यासको महत्वपूर्ण र अनिवार्य तत्व हो जुन उपन्यासको आख्यानात्मक आधारभूमि हो।

### ४.२.२ 'अन्तर' उपन्यासमा कथानकको विकासक्रम

आख्यानात्मक विधाको अत्यन्त महत्वपूर्ण तत्वका रुपमा कथानकलाई लिइन्छ। कथावस्तु सिर्जनाको आधारका रुपमा कथानक आएको हुन्छ। आख्यानमा घटना तथा उपघटनाहरु चरणबद्ध रुपमा आएका हुन्छन्। उपन्यासमा कथानकको गति सिलासिलाबद्द रुपमा समावेश गरिएको हुन्छ। विषयवस्तु,आदि,मध्य र अन्त्यको शृङ्खलामा रहेको हुन्छ। आख्यानात्मक कृतिहरुमा पाइने

कथानकका सम्बन्धमस फ्रेटागको 'टेक्निकल अफ द ड्रामा' (सन् १८८३) भन्ने पुस्तकमा सूची स्तम्भात्मक आकारमा देखाइएको कथानक विकासक्रमको अवस्थाका आधारमा 'अन्तर' उपन्यासको प्रस्तुत गर्न सकिन

तालिका नं. ; ३

फ्रेटागको पिरामिडको आधारमा 'अन्तर' उपन्यासको कथानकको विकासक्रमः

| कथानकको | कथानकको विकासक्रम | 'अन्तर' उपन्यासबाट प्राप्त भाषिक तथ्याङ्क | पृष्ठ सं |
|---|---|---|---|
| १.आदिभाग | क) चिनारी | • शिरमा ढाकाटोपी,कमिज सुरुवाल गाम्छा,छड्के झोला बोकेर श्यामनाथ चिठी बाड्न गाँउ हिड्नु बेलुका लखतरान परेर घर फर्किनु ।<br>• नाम श्यामनाथ भएपनि सबैले विविसी हुलाकी भन्नु,सबै मानिसको जानकारी हुनु ।<br>• श्यामनाथको विवाह चाडो भएपनि शब्द ढिलो जन्मनु ।<br>• शब्दले बालापनमा बाउबूढो देख्नु,कुरा बुझ्ने भएपछि बाऊ मात्र बाउ देख्नु ।<br>• शब्दमा बैस भरिन थाल्नु ,वर्षे बिदा हुनु, स्कुल जान नपरेपछि शब्दको मन चङ्गा हुनु ।<br>• ऐनामा आफ्नो नाङ्गो शरीर हेरी आफै आन्नद लिनु ।<br>• अमनले लभ परेको कुरा शब्दलाई भन्नु शब्दले पनि आफू ऐनामा निर्वस्त्र हेर्न मन लाग्ने कुरा सुनाउनु, अब हृषमान जस्तै बौलाउँछस् भन्दै जिस्काउनु ।<br>• शब्द डराएपछि केही हुदैन बौलाउँने भए म मेघ नवीन पनि | १ देखि २९ सम्म |

| | | | |
|---|---|---|---|
| | | पोहोरै बौलाउँने थियौ भन्नु ।<br>● शब्द म अरु केटा सरह सुरो छुइन भन्ने कुरामा पिर लाग्नु।<br>● उज्यालो भन्दा अध्यारो मन पर्नु, अमनले चिठी लेखेर अनुजालाई दिनु, शब्द र अनुजाको  लभ पर्नु शब्द डराउनु ।<br>● साथीहरुले आफ्नो गल्फ्रेन्डको मगमग वास्ना आउने कुरा गर्न शब्दलाई अनुजाको पसिना गन्हाउनुन वाक्क आउँनु ।<br>● अम्बिका बिद्यालय नआएपछि रमनको भोक निन्द्र सबै हट्नु ।<br>● श्यामनाथले मेलामा जेनेटर चल्नाले तिहार जस्तै भएको बताउनु , आमाले ‘‘जस्तो सुकै भएपनि आफू जान भ्याउदिन’’ । भन्नु ।<br>● शब्द र अमन मेलामा जानु, अमनले मेलामा रातभरी स्वस्थानीलाई खोज्नु, तर नभेट्नु<br>● अनुजालाई मेलामा भेट्नु र अमनले शब्दलाई जा मोजगर भनि इशारा गर्नु ।<br>● अनुजा र शब्द मेलामा जेरी खादै घुम्नु,पैसा शब्दले र्तिनु,शब्दका मनमा अनेक कुरा खेल्नु ।<br>● रमनले मेलामा प्रेमिकालाई रातभरी खोज्नु,प्रेमिका नभेटिनु,भोलिपल्ट ‘‘रमनलाई पुलिसले समात्यो’’ भन्ने सुनिनु । | |
| | ख) सङ्घर्ष विकास | ● शब्दले डन्डिफोर निचोर्दै गर्दा ऐना पनि फुट्नु,आमाले गाली गर्नु,नयाँ झन ठुलो ऐना किनेर ल्याउनु,ऐनामा शब्दले झ्याल ढोका थुनेर आफ्नो नाङ्गो शरीर हेर्नु । | ३० देखि ९५ सम्म |

| | | | |
|---|---|---|---|
| | | • श्यामनाथले गोमासँग छोरो ठुलो भएको र आफूसँग ननजिएकोमा दुःख व्यक्त गर्नु ।<br>• अमनले अनुजालाई फिलीम हेर्न लाने सल्लाह शब्दलाई दिनु,शब्द डराउँदै अनुजालाई फिलीम हेर्न लाग्नु,कसैले भेटे साथीसँग आएको साथी शौचालय गएको छ भन्ने भन्नुपर्छ भन्ने सल्लाह हुनु ।<br>• अनुजाको ध्यान शब्दतिर र शब्दको ध्यान फिलीम तिर मोडिनु ।<br>• शब्दलाई अनुजाले मलाई कति माया गर्छौ ? भनि प्रश्न गर्नु, उत्तर दिन नपाउँदै हलमा बत्ती बल्नु ।<br>• माने मेलामा मन्दिरको गेटैमा रमनले अम्विकालाई देख्नु , साथीको हात समाती छिटो छिटो भित्रपस्नु ।<br>• बाघ जस्तो रमन अम्बिकाको अगाडि स्याल हुनु , रमन फिलीम हेर्ने भएकाले बोलिचाली फिलीमी पाराकै हुनु ।<br>• कयौ पटक अम्बिके तँ मेरी होस् भने पनि मेलामा बोल्न नसक्नु ।<br>• ब्लेडले नाडी काटेर लेखेको अम्बिकाको नाम माने मेलामा देखाउन नसक्नु ।<br>• रमनले जुवा खेल्नु, हार्ने जित्ने बीच झगडा हुँदा पुलिसले पकडेर लानु ।<br>• विद्यालयको परीक्षामा शब्द कक्षा फस्ट हुनु ,स्कुल सकेर अमन , शब्द,स्वस्थानी सँगै टियुसन  पढ्नु ।<br>• शब्द घरमा आएर कोठामा सर्वाङ्ग नाङ्गो हुनु र आनन्दको | |

| | | | |
|---|---|---|---|
| | | अनुभूति गर्नु, माउसुलीले संभोग गरेको देख्नु , आफूलाई भाले माउसुली ठाननु ।<br>● मान्छेले आफैलाई बन्दी बनाउने कानुन निर्माण गरिएको शब्दले ठान्नु ,अमन र शब्द आफ्नी प्रेमीकाको बारेमा कुराकानी गर्नु ।<br>● अमन जिल्ला स्तरीय चित्रकलामा प्रथम हुनु शब्दको घरमा अमन बस्नु , अमनलाई खोज्दै अमनका बुबा शब्दको घर आउनु ।<br>● अमन र शब्दसँगै सुत्नु , शब्दलाई अमनको अङ्गालो स्पर्श गर्नु मन लाग्नु र स्पर्श मन पर्नु ।<br>● अनुजा , शब्द , अमनसँगै स्कुल जानु , अनुजाले शब्दलाई खट्टामिडी दिनु ।<br>● शनिबारको दिन धेरै गर्मी भएकाले शब्द खोलामा पौडी खेल्न जानु , घर फर्कीन लाग्दा अमन पनि खोलामा पुग्नु , पुन: दुवै जना पौडी खेल्न थाल्नु ।<br>● पौडी खेल्दा अमनको स्पर्शले शब्दलाई करेन्ट लाग्नु , फरक अनुभव गर्नु , तँलाई लाज लाग्दैन ? अमन भन्नु ।<br>● अमनको कपडा शब्दले नदिनु , कपडा सुघ्नु मीठो सुगन्ध लाग्नु ।<br>● विद्यालयबाट फर्कदा अनुजाले शब्दलाई निम्चुस दिनु , कसैलाई केही दिदाँ जुन खुसी मिल्छ त्यो खुसी सबैभन्दा ठुलो शृङ्गार रहेको अनुभव शब्दले गर्नु ।<br>● निम्चुस खाएकाले खाना मिठो नहुनु , आमाले यसरी नै | |

| | | | |
|---|---|---|---|
| | | खाना छोडदै गए एकछिन अन्नले सहाप्ने कुरा बताउनु ।<br>● प्रेमिकाले प्रेमिको मन कब्जा गरेझै शब्दको मनमा अमनले कब्जा गर्नु ।<br>● शब्दले अमनको छुवाइमा आनन्द महशुशगर्नु,अनुजाको छुवाइमा काडाँले घोचेको अनुभव गर्नु ।<br>● शब्दको मनमा छटपटी हुनु, जती कर गरे पनि खानाखान नमान्नु , झर्केर एकछिन पछि खान्छु भन्नु ।<br>● अमनले शब्द र अनुजाको चित्रबनाएको भेट्नु , फाल्न माया लाग्नु , अनुजालाई कल्पना गर्दा अपराध बोध हुनु , कल्पनाबाट उत्रिनु ।<br>● अमनलाई शब्दले सम्झदा मन फुर्ती हुनु, आफैले आफैलाई प्रश्न गर्नु , म किन उलटो बगिरहेको छु ?<br>● अमन बिरामी हुनु , शब्दका बुबासँग पैसा मागेर अमनलाई उपचार गर्न लाग्नु , शब्दका मनमा छटपटी हुनु।<br>● स्कुलमा स्वस्थानीका आँखाले अमननलाई खोज्नु , अमन बिरामी भएको खबरले अत्यन्तै दु: खी हुनु । | |
| | ग) चरम | ● स्वस्थानीले अमनलाई चिठी लेख्नु शब्दलाई दिन लगाउनु , स्वस्थानीसँग शब्द इर्ष्या गर्नु ।<br>● शब्दले पहिलो पटक दाह्री काट्नु, अनुजाले दाह्री काट्यो भन्दा लजाउनु , म नराम्रो देखिएछु भन्ने लाग्नु ।<br>● अनुजाको घरमा विहेको कुरा चल्नु , शब्दलाई सुनाउनु, शब्दले भित्रि मनमा अर्को भएपनि म केटा हुँ भन्ने देखाउनु " कुनै पनि हालतमा विहे नगर" भन्नु । | ९६ देखि १२१ सम्म |

| | | | |
|---|---|---|---|
| | | • एस.एल.सी को रिजल्ट आउनु शब्दले सेकेन्ड डिभिजन ल्याउनु , बुबाले चित्त दुखाउनु , आमा खुशी हुनु ।<br>• स्वास्थानीको विहेको कुराले अमनको मनमा गहिरो चोट पर्नु , एक पटक जसरी पनि स्वस्थानीलाई भेट्ने अडी कस्नु ,<br>• शब्द कलेज पढ्न काठमाण्डौं जानेकुराले अनुजा दुखी हुनु , सँगै पढ्न कर गर्नु , शब्द काठमाण्डौं लाग्नु ।<br>• काठमाण्डौं चिसो हुनु , स्टब पहिलो पल्ट देखेर शब्द अचम्म पर्नु , भुवनलाई भेट्नु कोठामा जानु ।<br>• चारैतिर हेर्नु शौचालयमा पानी नहुनु र शब्दले आफ्नो गाउँघर सम्झिनु।<br>• श्यामनाथ घर फर्किनु , शब्दलाई न्यास्रो लाग्नु , स्टब बाल्न डर लाग्नु , पानी पिएर भोग मेटाउनु , गाउँ, घर , साथीभाइको सम्झना आउनु ।<br>• क्याम्पसमा पहिलो दिन भुवन दाई पुर्याउन जानु ,घर फर्किदा बस चढने र ओर्लिने ठाउ बताउनु ।<br>• काठमाण्डौं को पहिलो साहाराका रुपमा भुवन दाईलाई लिनु ।<br>• क्याम्पसमा बलदेवसँग भेट हुनु , बलदेवले सहरका बारेमा धेरै कुरा सिकाउनु, बोल्न लजाउने र डराऊने नहुनु त्यसै कारण शब्द उ प्रति आकर्षित हुनु ।<br>• भुवनदाई पछि दोस्रो साहाराका रुपमा बलदेव भएको महशुस गर्नु ।<br>• शब्द र बलदेवले म: म खानु, म : म ले पखाला लाग्नु , दाईसँग अस्पताल लान अनुरोध गर्नु , भुवनदाई वा जस्तै | |

| | | | |
|---|---|---|---|
| मध्य भाग | (घ) संघर्ष हास | माया नदेखाई माया गर्दा रहेछन भन्ने अनुभव गर्नु ।<br>● शब्द कलेज आफै आउने जाने गर्नु , परीक्षा सकिएर शब्द गाउँ फर्किनु । गाउँ आएपछि अनुजा माओबादी पाटीमा प्रवेश गरेको थाहा पाउँनु ।<br>● शब्द काठमाण्डौं फर्किनु , भुवनदाई दोलखा जानु, शब्दले कलेज टप गर्नु , साथीको सङ्गतले शब्द सहरमा रमाउनु थाल्नु ।<br>● बलदेवको सङ्गतले चुरोट , रक्सी खान सिक्नु ।<br>● गाउँमा कम्पुटरबाट चिठी टाइप गरेर पठाउनु , बुबाआमाको खुसीको सीमा नरहनु , बुबाले आफ्नो पढाइलाई प्राथमिकता दिने सल्लाह दिनु ।<br>● शब्द साथीको सङ्गतले चुरोट बाट गाँजा खान थाल्नु । गाँजा नसा नभएर ध्यान अनुभव गर्नु , अमनको सम्झना आउँनु ।<br>● बलदेव सँग पहिलो पटक शब्द ठमेल जानु, बलदेव धैरै मात्नु , बलदेवको हातबाट गीलास झर्नु ठमेलमा लफडा पर्नु त्याँहाबाट भागेर रत्नपार्क पुग्नु ।<br>● रत्नपार्कबाट केटी लिएर जानु , शब्दलाई मोज गर भनेर बलदेवले पठाउनु , शब्दलाई डर लाग्नु कुनै उत्तेजना नआउनु ।<br>● केटीले कपडा खोल्नु छिटोन भन्दा शब्द झन डराउनु , कस्तो नामर्द भन्नु , "पैसा त नगरे पनि चाहिन्छ" भन्नु नामर्द भनेपछि सिरानेले मुख छोपिदीनु र केटीलाई पैसा दिएर निस्कनु ।<br>● बलदेव गाँउ जानु , बलदेवको विवाहको निम्तो शब्दलाई | १२२ देखि १९१ सम्म |

| | | | |
|---|---|---|---|
| | | आउँनु, शब्द विहेमा नजानु , अरुको विवाहले शब्दलाई पिडा बोध हुनु ।<br>● काठमाण्डौं आएर शब्द विवाहमा नआएकाले बलदेवले दु:ख व्यक्त गर्नु । शब्दको विवाहमा नजादा कस्तो हुन्छ? त्यो अनुभव गराउँछु भन्नु ।<br>● साथीभाइले बलदेवलाई विवाहको अनुभव व्यक्त गर्न कर गर्नु ।<br>● विवाह पश्चात शब्द र बलदेवको भेट पातलिनु । झन झन शब्द गाँजाको सेवन गर्न थाल्नु । बलदेवको विवाह लगतै अमनको विहेको निम्तो आउनु , जाने नजाने दोधारको अवस्थामा पर्नु ।<br>● शब्दको मनले आफूले सत्य स्वीकार गर्नु पर्छ भनेको छ भने, अर्को मन डराएको अवस्था रहेको ।<br>● अमनको विवाहमा शब्द गाँउ जानु , आमा छोराको हुलिया देखेर अचम्म पर्नु , पढाइलाई मात्रै नभएर आफूलाई पनि समय दे भन्नु ।<br>● अमनले शब्दलाई बजारमा लगेर कपाल दाहि काटेर ल्याउनु , अमनलाई आफू गाँजा खान नपाएर मर्न लागेको कुरा बताउनु , अमन तीन छक्क पर्नु ।<br>● अमनले बरु चुरोट खा , खैनी खा यो गाँजा नखा भनि सम्झाउनु शब्दको छटपटी देख्न नसकेर गाँजा पाउने ठाउँमा लानु ।<br>● अमनको बिहेले शब्दलाई अथाह पिडा दिनु ,बाहिरी मन हाँसे पनि भित्रिमन रोनु , केही दिन पछि शब्द काठमाण्डौं फर्किनु । | |

| | | | |
|---|---|---|---|
| | | ● अब गाँजा नखाने अठोट गर्नु , आफू समलिङ्गी भएको कुरा अरु कसैलाई सुनाएर आफू हलुका हुन चाहानु ।<br>● आफ्नो कुरा सुनाउनु सबै सम्झना गरेपनि मनले बलदेवलाई सुनाउन उचित ठहराउनु ।<br>● शब्दले आफू समलिङ्गी भएको कुरा बलदेवलाई सुनाउँनु, विश्वाशीलो पात्र बलदेवले कलेजमा सबै साथीलाई शब्द समलिङ्गी हो भनि सुनाउनु , शब्दलाई तिमी त समलिङ्गी रे नि भन्दै सोध्नु, शब्दलाई अथाह पिडा हुनु ।<br>● शब्दलाई बलदेवसँग रिस उठ्नु ।<br>● गाँजा खान छोडेर नयाँ उर्जाका साथ पढ्छु भने पनि पुन : साथीको व्यावहारले गर्दा गाँजा खान कलेज जान छोडनु,छिमेकीले गजेडीको उपनाम दिनु ।<br>● बाहिर निस्कन मन नलाग्नु , सबैले “छक्का” भनेझै लाग्नु ।<br>● समलिङ्गी भएका कारण मनमा अथाह पिडा हुनु ।<br>● गाँजा खाने पैसा नभएकाले बुबालाई सहरमा सबै कुराको दाम बढेको छ भन्दै पैसा माग्नु ।<br>● मनको पिडा लुकाउन शारीरिक पिडा औला डढाएर आफैले आफैलाई दिनु ।<br>● हातको औला निको हुन साथ पुन : मनमा पिडा हुन थाल्नु , बलदेव प्रति वितृष्णा जाग्नु , सारा मानिसमा बलदेव देख्नु कोठाको तन्ना निकालेर पङ्खमा झुन्ड्याउनु , घाँटीमा तन्नाको गाँठो लगाउनु , त्यसै समयमा दिमाख शून्य हुनु ।म को हुँ ? प्रश्न गर्नु । | |

| | | | |
|---|---|---|---|
| | | ● घाँटीबाट तन्नाको गाँठो खोल्नु ।<br>● मनमा उर्जा , सहास भरिनु , बाच्ने अठोट गर्नु संसारमा सबै जीव भाले , पोथी र समलिङ्गी हुन्छ ? त्यसमा पनि हामी सर्वश्रेष्ठ प्राणी जीवनको बोध हुनु ।<br>● सबै कुरा समेटेर अमनलाइ चिठी लेख्नु , खाममा अर्कैको नाम लेख्नु ।<br>● स्वामी तेज सङ्ग हेलम्बु जानु , हेलम्बुमा शब्द र तेजसँगै बस्नु , तेजले शब्दको लिङ्गमा हात पुर्याउनु र "शब्द म तिमीलाई मन पराउँछु" भन्नु म समलिङ्गी हो भन्नु , त्याँहाबाट बाहिर निस्कनु र पछाडि नफर्की दगुर्नु ।<br>● शब्दले घरमा फोन गर्नु , बाले "अब जागिर खोज बिहे गर्नु पर्छ भन्नु" अमनले तँलाई सोधेको छ भन्नु ।<br>● शब्दलाई डर लाग्नु बलदेव झै सबैलाई सुनायो होला ? मेरो वास्तविकता गाँउमा सबै सामु आयो होला ? भन्ने लाग्नु ।<br>● हिम्मत कसेर अमनलाई फोन गर्नु , अमनले हेलो भन्नसाथ शब्दको मुटु काम्नु , अमनले केही नभन्नु ।<br>● अमन आफैले पुनः फोन गर्नु र चिठी पाए किन यतिका वर्ष नभनेको ? "तँ नडरा म छु" । अमनले भन्नु ।<br>● शब्दले पहिलो पलट रुनुको स्वाद थाहा पाउनु , मन कपासजस्तो हलुका हुनु ।<br>● अमन शब्दलाई भेट्न आउँनु, बालापनको कुरा गर्नु , अनुजा स्वास्थानीलाई सम्झनु , अनुजा शहीद नभएको भए हाम्रो लागि पनि आवाज उठाइ देन भन्थे , सम्झनु । | |

| | | | |
|---|---|---|---|
| अन्त्य | (ङ) उपसंहार | • शब्द र अमन चाँगुनारायण घुम्न जानु, बाटामा फर्किदा केटी ल्याउनु , केटीको भेषमा त्यो केटा हुनु , कोठाबाट अमन भाग्नु ।<br>• अमनले शब्दलाई खुसी बनाएर फर्किनु, शब्द नियमित विश्वविद्यालय जान थाल्नु , कलेजमा राम्रो राजनिती हुनु ।<br>• विश्वविद्यालय को जङ्गलमा एक छात्राको लास भेटिनु , सिङ्गै विश्वविद्यालय जाग्नु ।<br>• माइती घर मण्डलामा आन्दोलन हुनु , भिडबाट एक जना छात्रा निधारमा कालो पटि बाधेँर अगाडि आउनु , ति महिलाले बलात्कारी प्रोफेसर हो भन्नु भिडको श्वास केही बेर रोकिनु पुन: सबै पुरुष बलात्कारी हुन भन्नु ।<br>• क्रान्तिकारी छात्रा को हुन् ? शब्दलाई उनका कुरा मन पर्नु परिचय गर्न मन लाग्नु र परिचय गर्नु परिचय गर्दा आफ्नै बालसरवा अ्म्बिका हुनु ।<br>• अम्बिका कुरा शब्दलाई मन पर्नु, अम्बिकाले “भौतिक रुपमा मात्रै राजा फलेर केही हुदैँन आफ्नो मनबाट पनि फ्याक्नुपर्छ भन्नु”<br>• शब्दलाई बालापनको सम्झाना आउँनु अम्बिकालाई राद्येव सरले कुटेर पिसाव फेरेको याद आउनु ।<br>• पहिलो भाषण सुनेर उत्साहित शब्द दोस्रो भाषण सुनेर झन प्रभावित हुनु ।<br>• अम्बिकाले माने मेलाको सम्झना गर्दै अमन कहाँ गयो ? कस्तो छ ? भन्दै जिज्ञासु हुदै प्रश्न गर्नु । | १९३ देखि २३८ सम्म |

| | | | |
|---|---|---|---|
| | | ● अम्बिकाले शब्दलाई तिमी सँग डरलाग्दैन भर लाग्छ भन्नु , भर्खरै विश्वविद्यालय प्रवेश गरेको केटाले अम्बिकालाई जिस्क्याउनु अम्बिकाले “तै होस बलात्कारी भन्दै कुटनु” ।<br>● शब्द र अम्बिका धेरै नजिकिनु अम्बिकाको जन्मदिनमा शब्दलाई पनि बोलाउनु, साथीहरुले उहाँ तिम्रो ब्वाईफ्रेणड हो ? भनि सोध्नु अम्बिकाले साथी हो भन्नु ।<br>● अम्बिकाले बड्डे पार्टीबाट साथीलाई बिदा गर्नु , शब्दलाई आफ्नो कोठामा लग्नु, अगिका झै, लडाँइ र अस्तित्वको कुरा नहुनु , घर परिवारका बारेमा कुरा हुनु ।<br>● अम्बिकाले अहिले सम्म भेटेको पुरुष मध्ये सबै भन्दा असल पुरुष , तिमी हौ भन्नु , दाजु र बुबा भन्दा भरलाग्दो पुरुष हौ भन्नु, सँगै बसेर रक्सि प्युनु तिम्रो प्रेमिका छ ?<br>छैन भनि शब्द आफ्नो कोठा फर्किनु ।<br>● दुई महिनापछि शब्दको जन्मदिनमा केक बोकेर अम्बिका कोठामा आउँनु ।<br>● शब्दले समाजमा पुरुष र महिला भन्दा अरु मानिस पनि छन्, हाम्रो आखाँले देख्न सकेको छैन, त्यसका बारेमा पनि बोल्नु पर्छ शब्दले भन्नु ।<br>● जन्मदिनको केक काटेर अम्बिकालाई खुवाउँदा शब्दको हात काम्नु , अनुजाको जस्तै अम्बिकालाई पनि अनुभव गर्नु , अम्बिकाले अङ्गालो हाल्दा नमीठो गन्ध आउनु ।<br>● अम्बिकाको सङ्गतले शब्द बलियो हुदै जानु , गाउँबाट बुबाले चिठी सँगै केटीको फोटोपनि पठाउनु , | |

| | | | |
|---|---|---|---|
| | | • शब्दलाई बिहेको कुरा गर्दा भाउन्न छुट्नु ।<br>• जो सँग बिहे गर्छु ,उसमाथि पनि अपराध हुनेछ सोच्नु ।<br>• बुबाले गाँउबाट शब्दलाई फोन गर्नु बुबाको, अधैर्य पन देखेर शब्द केही दिनमा घर आउँनु ,आउँदा बा र आमा दुबै नहुनु , अमनको घर जानु , अमनका बुबाले अमन बुबा बन्न लागेको कुरा बताउनु , अमनको घरबाट शब्द गोमादिदीको घर जानु ।<br>• गोमा दिदीले आश्रम जाने कुरा बताउनु ।<br>• शब्दले किन भिनाजुलाई छोडनु भो ? भन्दा गोमा दिदी “मलाई त छोरा मान्छे राक्षस जस्तो लाग्छ सिनो जस्तो लाग्छ” भन्नु ।<br>• गोमा दिदी र म एकै खाले हो ? प्रश्न उठनु दिदीको घरबाट फर्कनु ।<br>• शब्द घर पुग्नु बा आमाको खुट्टा ढोगनु , केटी हेर्न जानेकुरा बाले गर्नु , कुरा मिले चाडौ बिहे गर्नु पर्छ भन्नु जबर्जस्ती भएपनि केटी हेर्न जानु ,<br>• लमिसँग केटीको घर पुग्नु , केटी सँग कोठामा जादाँ वाक्य नफुट्नु , मरेर तपाईको नाम के हो ? प्रश्न गर्नु , यहाँबाट कसरी भाग्ने सोचमा शब्द हुनु ,<br>• कोठाबाट निस्केपछि फेरी भेटेर कुरा गर्ने भनि शब्दले भन्नु ,<br>• केटीको बुबाले “दुबै पढेका छन आफ्नो निर्णय आफै गर्छन भन्नु”।<br>• बा घर फर्कनु त्यहीबाट शब्द काठमाण्डौं जाने कुरा हुनु , शब्दले अमनलाइ फोन गर्नु , अमन भेट्न आउँनु , | |

| | | | |
|---|---|---|---|
| | | शब्दभित्रको रनाहालाई क्षणभरमै भुलाईदिनु ।<br>● बालाई सबै भन , नडरा म छु भन्नु , "तँ जेहोस भन" भन्नु । तैले आफूलाई जितीस् अब समाजलाई जित्नु पर्छ भन्नु , शब्दलाई घडैया ताल घुमाउन लानु , त्यस दिन अमनले शब्दलाई काठमाण्डौं फर्किन नदिनु ,<br>● अमनले आफ्नो कोठामा लानु , शब्दका मनमा श्रीमती लाई सबै सुनाएको होला ? भन्ने लाग्नु र अप्ठ्यारो लाग्नु , श्रीमतीलाई शब्दको बारेमा केही नसुनाउनु जब तँ आफैले सबैसँग सुनाउँदैनस तब सम्म म कोहीसँग पनि सुनाउँदिन अमनले भन्नु ।<br>● अमनले तैले तेरो बारेमा बालाई भन्नैपर्छ भन्नु , र दुई जना सँगै बसेर चिठीमा सबै कुरा लेखी चिठी रजिष्टर गरी शब्द काठमाण्डौं लाग्नु ।<br>● अम्बिका र शब्दबिच कुरा हुदैगर्दा शब्दले समलिङ्गीको बारेमा पनि बोल्नु पर्छ अब भन्नु, अम्बिकाले ती "छक्का" का बारेमा भन्नु, शब्दको मन अमिलो हुनु , त्यसपश्चात अम्बिकासँग टाढीन खोज्नु , अम्बिकाझन नजिकीन खोज्नु ।<br>● उत्तर नपाएपछि शब्दले फोन गर्नु , बा नआउनु , आमाले बा बिरामी हुनुहुन्छ भन्नु , मैले बालाई रोग रोपे भन्ने लाग्नु ।<br>● बाले सत्य स्वीकार्न नसक्नु , जन्मदिने ले त स्वीकार्न सकेन भने ठिक छ , एक्लै लड्ने अठोट गर्नु ।<br>बा बिरामी छन् गाँउ आइज आमाले भन्नु ।<br>● शब्द गाउँ नगइ परीक्षाको तयारी गर्न थाल्नु , विश्वविद्यालय | |

| | | | |
|---|---|---|---|
| | | टप गर्नु , संयोग त्यसको भोलिपल्ट वैङ्कको अधिकृतमा नाम पनी निक्लिनु ।<br>● विश्वविद्यालयको दीक्षान्त समारोह आउँनु , बा आमा दुबैलाई लान मन हुनु तर बा जान नमान्नु , आमा मात्रै भएनी जानु ।<br>● शब्द गोल्ड मेडलिष्ट घोषणा हुनु, केहीबेर बोल्न लगाउँनु।<br>● मञ्चबाट आँफू समलिङ्गी भएको कुरा सबै सामु भन्नु , जसरी अरु मानिस आफ्नो इच्छाले महिला,पुरुष भएका होइनन्, त्यसै गरी हामी पनि आफ्नो इच्छाले समलिङ्गी भएका होइनौ भन्नु ।<br>● प्राकृतिक कुरालाई स्वीकार्न पर्छ "म तपाईहरु भन्दा अलग हुँ, गलत होइन भन्नु" ।<br>● शब्दका कुरा सुनेर सबै छक्क पर्नु शिरको टोपी आमालाई लगाइदिनु , आमाले रुन्चे स्वरमा "तँ मेरो सन्तान होस् तँ जे भएपनि हुन्छ मलाई" भन्नु ।<br>● त्यो दिन डेरामा खिर पाक्नु बा छुट्नु अमन थपिनु । | |

माथिको तालिका र त्यसको विश्लेषणबाट 'अन्तर' उपन्यासको कथानक बारे निम्नलिखित बुदाँ हरु निष्कर्षका रुपमा प्राप्त हुन्छन :

(१) 'अन्तर' उपन्यासको कथानक फ्रोटागको सूचीस्तम्भ अनुसार विकसित भएको छ । कथानक संरचनामा कथानक विकासमा पाँच अवस्थाहरु ( चिनारी , संघर्षविकास , चरम , संघर्षह्रास र उपसंहार ) क्रमबद्ध रुपमा रहेका छन् ।

(२) यसको कथानकको विकास सूची स्तम्भात्मक भएकाले कथानकको क्रमिकता छ ।

## ४.३ पात्र / चरित्र

### ४.३.१ परिचय

चरित्रलाई उपन्यासको महत्वपूर्ण तत्व मानिन्छ । चरित्रकै कारण उपन्यासको कथानक अगाडि बढ्छ । त्यसैले आख्यानात्मक कृतिमा चरित्र महत्वपूर्ण स्थान हुन्छ । यिनै चरित्रका कारणले गर्दा उपन्यासले गति प्राप्त गर्दछ । उपन्यासमा मानवीय , मानवेत्तर पात्रका रुपमा आउने गर्दछन् ।

### ४.३.२ 'अन्तर' उपन्यासका पात्रहरुको शैलीवैज्ञानिक अध्ययन

आधुनिक नेपाली उपन्यासकार रमेश सायनद्वारा लिखित 'अन्तर' बहुपात्रीय उपन्यास हो । यसमा मानवीय र मानवेत्तर दुबै पात्रको प्रयोग पाइन्छ । उपन्यासमा समलिङ्गी भए समाजमा बाच्न कति कठिन हुन्छ ? समाजले हेर्ने , साथीले हेर्ने दृष्टिकोण र आइपर्ने अप्ठ्यारा परिस्थिति र जीवनमा कहिले पनि हरेस नखाई अगि बढ्ने प्रेरणा लाई रोचक र कलात्मक रुपमा चित्रण गरिएको छ । 'अन्तर' उपन्यासका घटना तथा पात्रहरु काल्पनिक रहेका छन् ।

प्रस्तुत 'अन्तर' उपन्यासमा शब्द ,अमन ,शर्मिला , श्यामनाथ , स्वास्थानी , गोमा , अम्बिका अशोक , बलदेव , हृषमान , रमन ,मास्टर, तेज , भुवन , डेरावाला , शिखर , अनुजा, मेघ , राद्यव आदि पात्रको प्रयोग भएका छन् ।

यी सबै पात्रहरुले आ - आफ्नो स्थानमा रही मह्त्वपूर्ण  भूमिका निर्वाह गरेको पाइन्छ । तर यस उपन्यासको कथानकीय भूमिकामा महत्वपूर्ण योगदान दिने प्रमुख र केही सहायक पात्रहरुको लिङ्ग , कार्य , प्रवृत्ति , स्वभाव जीवनचेतना , आसान्नता , र आबद्दताका आधारमा विश्लेषण गरिएको छ ।

तालिका नं. ; ४

‘अन्तर’ उपन्यासका पात्रहरुको वर्गीकरण

| क्र.सं. | पात्रहरु | लिङ्ग | | | कार्य | | | प्रवृति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सम | पु | स्त्री | प्र | स | गौ | अ | प्र | ग | गतिहीन | वर्गगत | व्यतिगत | ने | मञ्चीय | बद्ध | मुक्त |
| १ | शब्द | + | | | + | | | + | | + | | + | | | + | + | |
| २ | अमन | | + | | | + | | + | | + | | + | | | + | + | |
| ३ | शर्मिला | | | + | | + | | + | | + | | + | | | + | + | |
| ४ | श्यामनाथ | | + | | | + | | + | | + | | + | | | + | + | |
| ५ | स्वस्थानी | | | + | | + | | + | | + | | + | | | + | + | |
| ६ | गोमा | + | | | | + | | + | | + | | + | | | + | + | |
| ७ | अम्बिका | | | + | | + | | + | | + | | + | | | + | + | |
| ८ | अशोक | | + | | | | + | | + | | + | | + | + | | | + |
| ९ | बलदेव | | + | | | + | | + | | + | | + | | | + | + | |
| १० | मेघ | | + | | | | + | | + | | + | | + | + | | | + |
| ११ | रमन | | + | | | + | | + | | + | | + | | | + | + | |
| १२ | हेडमास्टर | | + | | | + | | + | | + | | + | | | + | + | |
| १३ | स्वामीतेज | + | | | | + | | + | | + | | + | | | + | + | |
| १४ | भुवन | | + | | | + | | + | | + | | + | | | + | + | |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | ह्षमान | | + | | | + | | + | | | + | + | | | + | + | |
| १६ | शिखर | | + | | | + | | + | | + | | + | | | + | + | |
| १७ | राघ्व | | + | | | + | | + | | + | | + | | | + | + | |
| १८ | डेराबाला | | + | | | + | | + | | + | | + | | | + | + | |
| १९ | डेराबलको श्रीमती | | | + | | + | | + | | + | | + | | | + | + | |

### *(१) 'अन्तर'*

**(क) शब्द**

'अन्तर' उपन्यासको प्रमुख पात्र शब्द हो । ऊ लिङ्गको आधारमा समलिङ्गी हो । उपन्यासको सुरुदेखि अन्त्यसम्म नै प्रत्यक्ष भूमिकामा देखा परेको र शब्दकै सेरोफेरोमा रहेर उपन्यास टुङ्गिएको छ । त्यसैले कार्यका आधारमा प्रमुख पात्र हो । शब्द शहनशील एवम् कर्मठ पात्रको रुपमा रहेको छ । कुनै पनि खराब कार्य नगरेको कार्य हुदाँ प्रवृतिका आधारमा उ अनुकूल पात्र हो । उपन्यासको सुरुदेखि अन्त्यसम्म मिहिनेती , मायालु , जेहन्दार छात्रको रुपमा देखिन्छ । एक उद्वार स्वभावको व्यात्तिको भूमिकामा देखा परेको छ । त्यसैले स्वभावको आधारमा गतिशील पात्र हो । जीवनचेतना का आधारमा शब्द तीक्ष्ण वुद्दि , निश्छल सहयोगी पात्रको प्रतिनिधित्व गरेको पात्र हुनाले उ वर्गगत पात्र हो । उपन्यासमा सुरुदेखि अन्त्यसम्म  प्रत्यक्ष भूमिकामा रहेकाले उ आसन्ताका आधारमा मञ्चीय पात्र हो । शब्दको उपस्थिति यस उपन्यासमा निकै महत्वपूर्ण रहेको छ । उसलाई उपन्यासबाट हटाउँदा उपन्यासले पुर्णता पाउन सक्दैन त्यसैले उ आवद्दताका आधारमा बद्द पात्र हो ।

**(ख) अमन**

'अन्तर' उपन्यासका पात्रहरु मध्ये लिङ्गका आधारमा पुरुष पात्र हो । कार्यका आधारमा अमन सहायक पात्र हो । अत्यन्त मिलनसार , सहयोगी , उपन्यासमा महत्वपूर्ण भूमिकामा देखा परेको छ । शब्दलाई सुरुदेखि अन्त्यसम्म जस्तो सुकै अवस्थामापनि सहयोग गर्ने भएकाले उनलाई

प्रवृतिका आधारमा अनुकूल पात्र हो । उपन्यासमा  सुरुदेखि अन्त्यसम्म नै शब्दलाई अत्यधिक सहयोग गरेका कारणले स्वाभावका आधारमा गतिशील पात्र हो । अमन चेतनाका आधारमा वर्गगत पात्र हो । किन भने पुरुष  वर्गको प्रतिनिधित्व गरेको छ । साथी भाईलाई जस्तोसुकै अवस्थामा पनि सहयोग गर्न अगाडि  बढेको छ । प्रत्यक्ष रुपमा प्रस्तुत भएकाले उनलाई आसन्नताका आधारमा मञ्चीय पात्रका रुपमा रहेको छ । आवद्दताका अधारमा अमन बद्द पात्र हो ।

**(३) शर्मिला**

शर्मिला लिङ्गका आधारमा स्त्री पात्र हो । कार्यका आधारमा सहायक पात्र हो । कुशल गृहिणी असल आमा भएकाले उपन्यासमा महत्वपूर्ण भूमिकामा देखा परेकी छिन् । छोराको जस्तो सुकै अवस्थामा पनि सहयोग  गर्ने भएकाले उनलाई प्रवृतिका आधारमा अनुकूल पात्र हुन् । सुरुदेखि अन्त्यसम्म मिहिनेती , मायालु स्त्रीका रुपमा देखिन्छन् । त्यसैले स्वभावका आधारमा गतिशील पात्र हुन । निश्छल , सहयोगी पात्रको प्रतिनिधित्व गरेकी  हुनाले उनी वर्गगत पात्र हुन । आसन्ताका आधारमा मञ्चीय पात्र हुन् । आवद्दताका आधारमा बद्द पात्र हन् ।

**(४) श्यामनाथ**

'अन्तर' उपन्यासका पात्रहरुमध्ये श्याम्नाथ लिङ्गका आधारमा पुरुष मात्र हो । कार्यका आधारमा सहायक पात्र हो । मिलनसार र सहयोगी भूमिकामा देखा परेको छन् । प्रवृतिका आधारमा अनुकूल पात्र हुन् । स्वभावका आधारमा श्यामनाथ गतिशील पात्र हुन् । जीवनचेतना का आधारमा श्यामनाथ सोझो इमानी पुरुष को प्रतिनिधित्व गरेको हुनाले उ वर्गगत पात्र हो । आसन्नताका आधारमा श्यामनाथ मञ्चीय पात्र हो । आवद्दताका आधारमा श्यामनाथ बद्द पात्र हो ।

**(५)  स्वस्थानी**

स्वस्थानी लिङ्गका आधारमा स्त्री पात्र हो । कार्यका आधारमा स्वस्थानी सहायक पात्र हो । उपन्यासमा सहयोगी प्रेमीकाको रुपमा देखिएकाले स्वस्थानी अनुकूल पात्र हो । स्वभावका आधारमा गतिशील पात्र हो । जीवनचेतनाका आधारमा स्वस्थानी वर्गगत पात्र हो । आसन्नताका आधारमा मञ्चीय पात्र हो भने आबद्दताका आधारमा स्वस्थानी बद्द पात्र हो ।

**(६) गोमा**

'अन्तर' उपन्यासका पात्र मध्ये लिङ्गका आधारमा गोमा समलिङ्गी पात्र हुन्। कार्यका आधारमा सहायक पात्र हुन्। कुनै पनि खराब कार्य नगरेकी हुदाँ प्रवृतिका आधारमा उनी अनुकूल पात्र हुन्। स्वभावका आधारमा गतिशील पात्र हुन्। जीवनचेतना का आधारमा वर्गगत पात्र हुन्। आसन्नताका आधारमा उनी मञ्चीय पात्र हुन्। आवद्दताका आधारमा बद्द पात्र हुन्। आबद्धताका आधारमा उनी बद्द पात्र हुन्।

**(७) अम्बिका**

शब्दको स्कुले साथी उपन्यासकी स्त्री पात्र हुन्। कार्यका आधारमा सहायक पात्र हुन्। प्रवृतिका आधारमा अनुकूल पात्र हुन्। स्वभावका आधारमा गतिशील पात्र हुन्। जीवनचेतनाका आधारमा वर्गगत पात्र हुन्। आसन्नताका आधारमा उनी मञ्चीय पात्र हुन्। आवद्धताका आधारमा बद्ध पात्र हुन्। आवद्धताका आधारमा उनी बद्ध पात्र हुन्।

**(८) बलदेव**

बलदेव लिङ्गका आधारमा पुरुष पात्र हो। बलदेव कार्यका आधारमा सहायक पात्र हो। प्रवृतिका आधारमा अनुकूल पात्र हो। स्वभावका आधारमा गतिशील पात्र हो। जीवनचेतना का आधारमा वर्गगत पात्र हो। आसन्नताका आधारमा मञ्चीय पात्र हो। आवद्धताका आधारमा बद्द पात्र हो।

**(९) रमन**

रमन लिङ्गका आधारमा पुरुष पात्र हो। शब्दको स्कुले साथी हो। कार्यका आधारमा रमन सहायक पात्र हो। प्रवृतिका आधारमा अनुकूल पात्र हो स्वभावका आधारमा गतिशील पात्र हो। जीवनचेतनाका आधारमा वर्गगत पात्र हो। आसन्नताका आधारमा मञ्चीय पात्र हो। आबद्धताका आधारमा बद्द पात्र हो।

**(९) तेज**

लिङ्गका आधारमा तेज समलिङ्गी हो। कार्यका आधारमा सहायक पात्र हो। प्रवृतिका

आधारमा अनुकूल पात्र हो। स्वभावका अधारमा गतिशील पात्र हो। जीवनचेतनाका आधारमा वर्गगत पात्र हो। आसन्नताका आधारमा मञ्चीय पात्र हो। आवद्धताका आधारमा बद्द पात्र हो।

### ४.३.३ चयनका आधारमा 'अन्तर' उपन्यासका विश्लेषण

#### ४.३.३.१ शब्द चयनका आधारमा 'अन्तर' उपन्यास

भाषाको न्यूनतम सार्थक एकाई शब्द हो। यसले भाषिक अभिव्यक्तिमा महत्वपूर्ण भूमिका खेल्दछ। श्रेष्ठा सर्जकले आफ्नो साहित्यिक रचनालाई उपयुक्त प्रभावकारी आर्कषक साथै अर्थपूर्ण बनाउनका लागि भाषामा पाइने विविध  शब्दहरु मध्ये सान्दर्भिक एवम् उपयुक्त शब्द छनोट गर्दछन्। यही कार्यले गर्दा काव्य कृति रोचक र प्रभावकारी बन्दछ। यस अध्ययनमा 'अन्तर' उपन्यासमा उपन्यासकार रमेश सायनले गरेको शब्द चयन अन्तर्गत निम्न पक्षमा केन्द्रित भई विश्लेषण गरिएको छ।

**( क) तत्सम शब्द चयन**

संस्कृतबाट रुप नफेरिकन जस्ताको जस्तै नेपालीमा आएका शब्दहरुलाई तत्सम शब्द भनिन्छ। 'अन्तर' उपन्यासमा तत्सम शब्दको प्रयोग भएको पाइन्छ। जसलाई उदाहरणद्वारा पुष्टि गरिएको छ :

(क) म खुशी भएपछि आमा पनि खुसी हुनुभयो। (पृ १०८)

(ख) अमनले मेरी आमालाई दीक्षान्त समारोहमा लिएर आयो। (प्रे २३४)

(ग) संविधानमा लेखेको छ। (पृ ७८)

( घ ) दुखिया गर्मी , प्रत्येक वर्ष बिर्सनु निको !

(ङ) दु: ख मात्र दिन्छ। (पृ ५४)

(च) नत्र दु : खको तलाउमा डुबेर उहिल्यै मर्ने थिएँ। (पृ १३७)

( रेखाङ्कन गरिएका शब्दहरु उपन्यासमा प्रयोग तत्सम शब्दका केही उदारणहरु हुन्।

**(ख) तदभव**

संस्कृतबाट रुप फेरिएर नेपाली भाषामा आएका शब्दहरु लाई तदभव शब्द भनिन्छ। तदभव शब्द प्रयोग उपन्यासमा छन् भन्ने कुरालाई तलको उदाहरणद्वारा प्रष्ट पार्दछ।

(क) साँझ डेरा पुग्दा भुवन दाई आइपुगेका थिएनन। (१२७)

(ख ) म निदाउन सकिनँ। (पृ १११)

(ग ) म माथि बाको कुनै कर्तव्य बाँकी छैन। (पृ १०६)

(घ) सुनेर म पनि हाँसे। (पृ ८६)

(ङ) यसैबिच कतिलाई पिसाब लाग्छ। (पृ ८४ )

( रेखाङ्कन गरिएका शब्दहरु उपन्यासमा प्रयोग तदभव शब्दका केही उदाहरण हरु हुन्। )

**(ग) आगन्तुक शब्द चयन**

अन्यभाषाबाट नेपाली भाषामा आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ। 'अन्तर' उपन्यासमा प्रयोग भएका आगन्तुक शब्दका केही उदाहरणहरु निम्न रहेकाछन्।

( क) बलदेवले फस्ट डिभिजन ल्यायो। (पृ १३८)

(ख) भोलि नाइटमा जानुपर्छ। (पृ ११३)

(ग) बाका दुई साथी डाक्टर छन्। (पृ ९७)

(घ) बालाई साइन्स पढ्ने खुब इच्छा थियो रे। (पृ ९७)

(ङ) होमवर्क गरिनँ।

रेखाङ्कन गरिएका शब्दहरु आगन्तुक शब्दहरु हुन। यस्ता आगन्तुक शब्दको प्रयोग रमेश सायनको 'अन्तर' उपन्यासमा थुप्रै पाउन सकिन्छ।

**( घ ) झर्रा तथा अनुकरणात्मक शब्द**

नेपाली भाषामा आफै उत्पती भएका तथा नेपाली परिवेशसँग मेलखाने र निश्चित अर्थ दिने शब्दलाई झर्रा शब्द भनिन्छ। उपन्यासमा प्रयोग भएका केही अनुकरणात्मक तथा झर्रा शब्दको उदाहरण निम्न रहेको छ।

(क) बाहिर निस्केको विद्यार्थी ग्वारग्वार्ती भित्र छिरे। (पृ ८५)

(ख) अमनलाई गम्लङ्ग अङ्गालो हाल्न लाग्यो। ( पृ ९१)

( ग ) उसका कुराले मलाई जिरिङ्ग बनायो। ( पृ १०१ )

(घ ) मैले भस्किँदै भनेँ। ( पृ १०२ )

(ङ) ऊ त घुँक्कघुँक्क गरेर रुन पो थाल्यो। ( पृ १०९)

### ४. ३.३.२ कार्यका आधारमा शब्द चयन

**(क ) नामको चयन**

कुनै व्याक्ति , वस्तु , ठाउँ जाती , समूह द्रव्य वा भाव बुझाउने शब्दलाई नाम भनिन्छ ।

(क ) त्यो काठमाण्डौं कस्तो होला ? (१०८)

(ख) भुवन दाइ हाम्रा छिमेकी दाइ हुन् । ( १०८)

(ग) पानी छ तर पिउन मिल्दैन । (पृ १११)

(घ ) उसको स्पर्शले मलाई अथाह आन्नद दियो । ( पृ १११)

माथि रेखाङ्कन गरिएका शब्दहरु नाम शब्द हुन । यस्ता नाम शब्दको प्रयोगले ‘अन्तर’ उपन्यासको कथानक सरल र प्रभावकारी बनेको छ ।

**(ख) सर्वनाम चयन**

नामको सट्टामा प्रयोग हुने शब्दलाई सर्वनाम भनिन्छ । ‘अन्तर’ उपन्यासमा प्रयोग भएका केही सर्वनामका उदाहरणहरु निम्नाअनुसार रहेका छन :

(क) ऊ आवेगमा आयो । ( पृ १०९)

(ख) म खुसी भएपाछि आमा पनि खुसी हुनुभयो । ( पृ १०८)

(ग) हामी छोरी हौ । (पृ १००)

(घ) तिमी मलाई एकदमै राम्रो लाग्छ । (१०१)

(ङ) त्यो बलियो भएजस्तो लाग्यो । (पृ ९५)

माथि रेखाङ्कन गरिएजस्ता सर्वनाम पदहरुले ‘अन्तर’ उपन्यासका नामपदहरु दोहोरिएर आउने पनलाई हटाएर भाषिक मधुरता र आकर्षक थप्ने काम गरेको छ ।

**(ग) विशेषण चयन**

नामको गुण , दोष , परिभाषा , सङ्ख्या आदि विशेषता बुझाउने शब्दलाई विशेषण भनिन्छ । विशेषण विशेष्यका अगाडि हुन्छ । ‘अन्तर’ उपन्यासमा भएका केही विशेषण शब्दका उदाहरणहरु निम्नानुसार रहेका छन् ।

(क ) कस्तो नमीठो पोलाई ! (पृ ९२)

(ख) उसलाई हरर मुभीको भूत जस्तो देख्न थाले । ( पृ ९३)

(ग) गाँजाले प्रेमलाई अझ सुन्दर बनायो । ( पृ १२७)

(घ) आफुलाइ अलि बलियो महसुस गरेँ । (पृ १२७)

(ङ) भुवन दाइलाई बोलाउन डर लाग्यो । ( पृ १२७)

माथिको रेखाङ्कन गरिएजस्ता विशेषण हरुको प्रयोगले उपन्यासमा आकर्षण र माधुर्यता थप्ने काम गरेको देखिन्छ । 'अन्तर' उपन्यासमा विशेषणको प्रयोग प्रशस्तै भएको पाइन्छ ।

**( घ) क्रियापदको चयन**

वाक्यमा कर्ताले गरेको घटना , अवस्था प्रक्रिया वा स्थिति जनाउने शब्दलाई 'क्रिया' भनिन्छ । क्रिया विना वाक्य पुरा हुन सक्दैन । प्रस्तुत 'अन्तर' उपन्यासमा प्रयोग भएका केही क्रियापदहरुका उदाहरणहरु निम्नानुसार रहेको छन :

(क) मेरो क्याम्पस लाग्ने सुरसार थिएन । (पृ १२३)

(ख) लगातार पिसाब गरेर कलिला सिसैका रुख मारेका थियौ । (पृ १२१)

(ग) उनी हारेर काठमाण्डौबाट फर्किए । ( पृ १३८)

(घ) ऊ सुन्तलाजस्तै पोटिलो थियो । (पृ १३५)

(ङ) तिनको बारेमा पनि हामीले बोल्नुपर्छ । (पृ २२८)

माथि रेखाङ्कन गरिएका शब्दहरु 'अन्तर' उपन्यासमा प्रयोग गरिएका केही क्रियापदहरु हुन् । क्रियापदको उचित प्रयोगले 'अन्तर' उपन्यासको वाक्यात्मक संरचना मा भाषिक सौन्दर्य सिर्जना गरेको देखिन्छ ।

**(ङ) क्रियाविशेषण चयन**

क्रियाको बारेमा थप जानकारी दिने पदलाई क्रियाविशेषण भनिन्छ । क्रियाविशेषणले कामको समय, तरिका , कारण र स्थानबारे जानकारी दिएको हुन्छ । प्रस्तुत 'अन्तर' उपन्यासमा प्रयोग भएका केही क्रियाविशेषणका उदाहरणहरु निम्नानुसार प्रस्तुत गरिएको छ।

(क) त्यही कुरा त्यो साथीले अगाडिको साथिको कानमा खुसुक्क भन्यो । (पृ ८५)

(ख) अलिकति टाउको देखेको छ । (पृ ९४)

(ग) दिवारपारि प्रेम गर्छौं । (पृ ९४)

(घ) ऊभित्र म घुले । ( पृ ७६)

(ङ) थुप्रेपल्ट पिसाब गरे । (५३)

माथि रेखाङ्कन गरिएका शब्दहरु अन्तर उपन्यासमा प्रयोग गरिएका केही क्रियाविशेषणका उदाहरणहरु हुन् ।

**(च) नामयोगीको शब्द चयन**

नामिक पद (नाम , सर्वनाम , विशेषण , ) सँग जोडिई आउने र आफ्नो स्वतन्त्र अर्थ पनि नहुने एवम् एकल रुपमा प्रयोगमा नाआउने अव्यय पदलाई नामयोगी भनिन्छ । अन्तर उपन्यासमा प्रयोग भएका केही नामयोगी पदका उदाहरण हरु निम्नानुसार रहेका छन् ।

( क) विद्यार्थीसँग कहिल्यै खुशी नहुने हेडसरले समेत एक दिन खुशी हुँदै भनेका थिए । (पृ ५७)

(ख) आँगनबाट कसैले मलाई बोलायो । (पृ५९)

(ग) म फेरि माछा पानीसँग खेल्न थालेँ। (पृ ६८)

(घ) मभित्र लोभ जन्मियो । ( पृ ६९)

(ङ) एकैछिनपछि अललिदै टाउको पानीबाहिर निकालेर रुन्चे स्वरमा भन्यो । ( पृ.)

माथि रेखाङ्कन गरिएका शब्दहरु ‘अन्तर’ उपन्यासमा प्रयोग गरिएका केही नामयोगी शब्दका उदाहरणहरु हुन् ।

**(छ) निपादको शब्द चयन**

आफ्नो स्वतन्त्र अर्थ नभएका तर वाक्यमा प्रयोग हुदाँ अर्थमा मीठास ल्याउने अव्यय शब्दलाई निपात भनिन्छ । प्रस्तुत ‘अन्तर’ उपन्यासमा प्रयोग भएका केही निपात शब्दका उदाहरणहरु निम्नानुसार छन्;

( क) बलदेवको अङ्गालो पाएपछि म त झन डाँको छाडेर रुन थालेँ। ( पृ १५९)

(ख) म त साँच्चिकै बूढो भइसकेको रहेछु । (१५३)

( ग) बालाई साइन्स पढ्ने खुब इच्छा थियो रे ।

(घ) “बा आउनुभयो क्यार” ।

(ङ) “तपाई त मेरो भाइजस्तै लाग्यो है मलाई त !” ( पृ १३३)

माथि रेखाङ्कन गरिएका शब्दहरु ‘अन्तर’ उपन्यासमा प्रयोग गरिएका केही निपातका उदाहरणहरु हुन् ।

**(ज) संयोजक शब्दको चयन**

शब्द , पदावली वाक्याशं वाक्यलाई जोड्ने अव्यय पदलाई संयोजक भनिन्छ । ‘अन्तर’ उपन्यासमा प्रयोग भएका संयोजक शब्दका केही उदाहरणहरु निम्नानुसार रहेका छन् :

( क ) ‘खोज्नु’ र ‘स्वतस्फुर्त’ हुनु फरक रहेछ । ( पृ ८१)

(ख) पानी छ तर पिउन मिल्दैन । ( पृ १११)

( ग ) मेरो मनसँगै तन पनि चङ्गा भयो । (१७०)

(घ) आफुलाई जितिस भने मात्र अरुलाई जित्न सक्नेछस् । ( पृ १६१) ३३

माथि रेखाङ्कन गरिएका शब्दहरु ‘अन्तर’ उपन्यासमा प्रयोग भएका केही संयोजकका उदाहरण हरु हुन्।

**(झ ) विस्मयादिवोधक पदको चयन**

वाक्यमा प्राय : अगाडि पृथक् रुपमा आएर त्यस वाक्यमा व्यक्त अवधारणामाथि हर्ष , पीडा , विस्मय , शोक , घृणा , सम्बोधन , प्रशंसाजस्ता विभिन्न मनोभाव जनाउने अविकारी पदलाई विस्मयादिवोधक शब्द भनिन्छ । ‘अन्तर’ उपन्यासमा प्रयोग भएका विस्मयादिवोधक शब्दका केही उदाहरणहरु निम्नानुसार रहेका छन् ।

( क ) उफ ! उसले मलाई कराउँदै फिल्टरबाट पानी थाप्न खोज्यो । (पृ १५९)

( ख) “ला ! को आयो !” (पृ ७)

माथि रेखाङ्कन गरिएको शब्द विस्मयादिबोधक शब्द हुन् । अरु पदको तुलनामा विस्मयादिबोधक शब्द कम प्रयोग भएका छन् ।

**( ञ) उखानटुक्काको प्रयोग**

परम्पराको रुपमा रहेको लोक प्रचलित भनाइलाई उखान भनिन्छ। वाक्य बनिसकेका शब्दहरुको समुहले सोझो अर्थ नभएर  घुमाउरो अर्थ दिन्छ। 'अन्तर' उपन्यासमा जम्मा दुई ओटा उखानहरु प्रयोग भएका छन्। जुन निम्नानुसार छन्।

(क) "हग्नेलाई भन्दा देख्नेलाई लाज"। ( पृ १२०)

(ख) "मारे पाप पाले पुण्य"। ( १०१)

'अन्तर' उपन्यासमा सायनले कम मात्रामा उखान टुक्काको प्रयोग गरेका छन् भन्ने कुरा माथिको उदाहरण द्वारा प्रष्ट हुन्छ। उपन्यासमा जम्मा दुईओटा मात्र उखानटुक्काको प्रयोग भएको छ। बढी मात्रमा नाम र सर्वनाम शब्दको चयन उपन्यासमा गरिएको छ। 'अन्तर' उपन्यासमा तत्सम,तद्भव,आगन्तुक शब्दको प्रयोग पनि प्रशस्त रुपमा प्रयोग भएको पाइन्छ भने संयोजक र निपात भने कम मात्रमा प्रयोग भएको पाइन्छ।

**४.३.३.३ विचलनका आधारमा 'अन्तर' उपन्यासको विश्लेषण**

सामान्य भाषामा प्रयुक्त हुने भाषिक नियमको अतिक्रमण अर्थात मानवेतर प्रयोगलाई विचलन भनिन्छ। ( शर्मा , २०४८ :२७)। भाषाको प्रचतित ढाँचालाई अतिक्रमण गरेर सुन्दरता प्रदान गर्नु। नै विचलन हो ।

'अन्तर' उपन्यासमा प्राप्त केही विचलनहरु निम्नलिखित छन्;

**(क ) ध्वनिप्रक्रियात्मक विचलन**

भाषाको आ-आफ्नो ध्वन्यात्मक प्रक्रिया रहेको पाइन्छ। भाषिक उच्चारणका क्रममा देखापर्ने विचलनलाई उपन्यासमा पनि विचलन  भनिन्छ। प्रस्तुत "अन्तर" उपन्यासमा पनि मानक रुप भन्दा भिन्न विचलनयुक्त ध्वनिको प्रयोग प्रर्याप्त मात्रामा पाइन्छ। जसलाई निम्न उदाहरणद्वारा प्रष्ट पारिएको छ ;

(क) तैले स्वस्थानीलाई मन पराको कुरा सप्पैलाई भन्दिन्छु। (पृ १२)

(ख) त्यसको दुगुना सजाय घरमा पाउँछु। (पृ १८)

(ग) चाडै ब्या गर्दिनुपर्छ । (पृ ३२)

| प्रयोग भएको | शब्द स्तरीय भाषाको प्रयोग | शब्द सङ्ख्या |
|---|---|---|
| सप्पै | सबै | १२ |
| दुगुना | दुइगुना | १८ |
| ब्या | बिहे | ३२ |
| पराको | पराएको | १२ |

'अन्तर' उपन्यासको ध्वनिप्रक्रियात्मक विचलन प्रशस्तै रुपमा प्रयोग भएको पाइन्छ । यस कुरालाई माथिका केही उदाहरणले पनि प्रष्ट परिसकेको छ । विचलनले उपन्यासमा मीठास थप्ने काम पनि गरेको छ । उपन्यासमस प्रसङ्ग अनुसार मीठास थप्न रोचक बनाउनका लागि उपन्यासकारले ध्वनिप्रक्रियात्मक विचलन गरेका छन् । हामीले दुईगुना त सुनि रहेको तर दुगुना भन्दा अझ रमाइलो लागेको सुन्न उत्सुक भएका कारणले उपन्यासमा ध्वनिप्रक्रियात्मक विचलन भएको पाइन्छ ।

**( ख) अर्थतात्विक विचल**

संन्निधान सिद्धान्त अनुसार मेल नखाने कुरा अथवा प्रकृतिको मानवीकरण, मानवको प्रकृतीकरण आदि गरेर देखाउने विचलन प्रवृतिलाई यस अन्तर्गत राखिएको पाइन्छ, तलको उदाहरण बाट पुष्टि हुन्छः

(क) आँपको कोयो पसेजसरी शरीरमा लाज पस्यो । ( पृ ५)

(ख) आमाको गुनासोको पारो चढ्दो छ । (पृ ८)

'अन्तर' उपन्यासमा अर्थतात्विक विचल भएको छ भन्ने कुरा माथिको उदाहरणबाट प्रष्ट भएको छ । उपन्यासमा अर्थतात्विक विचलन प्रशस्तै भएको पाइन्छ । यहाँ आँपको कोयो पसेजसरी शरीरमा लाज पस्यो भन्ने वाक्यमा मानिसको शरीरमा लाज नपस्ने हुँदा यो वाक्य अर्थतात्विक विचलन हो ।

**(ग) प्रयुक्तिगत विचलन**

कुनै खास विषय क्षेत्रको भाषालाई अन्य क्षेत्रमा लगिनु र त्यसको युक्ति पूर्ण र प्रभावकारी प्रयोगलाई प्रयुक्ति विचलन भनिन्छ। प्रस्तुत 'अन्तर' उपन्यासमा प्रयोग भएका प्रयुक्तिगत विचलनका केही उदाहरणहरु निम्न रहेका छन्;

(क ) ज्यामाराजले सातो लग्यो। (पृ ८)

(ख) "ह्या मूला ! म लभसब गर्दिनँ"।

'अन्तर' उपन्यासमा प्रयुक्तिगत विचलन भएको पाइन्छ भन्ने कुरा माथिको उदाहरणद्वारा प्रष्ट हुन्छ। ज्यामाराजले सातो लग्यो भन्ने वाक्यमा हामीले बुझ्ने सामान्य भाषामा ज्यामाराज भन्नाले भूत प्रेतलाई बुझ्छौ भन्ने 'अन्तर' उपन्यासमा ज्यामाराज शब्दले विरालोलाई जनाइएको छ। तसर्थ खास विषय र क्षेत्रको भाषालाई अन्य क्षेत्रमा लागिनुले यो वाक्य प्रयुक्तिगत विचलन हो।

**४.४ छलफल / व्याख्या**

'अन्तर' उपन्यासको कथानक आदि , मध्य र अन्त्यको शृङ्खला मिलेको कारण फ्रोटागको पिरामिडका आधारमा विश्लेषण गरिएको छ। 'अन्तर' उपन्यासको कथावस्तु रैखिक ढाँचामा प्रस्तुत भएको छ। उपन्यासमा पात्र सङ्ख्यात्मक रुपमा बढी छन् तर कथानकलाई अगाडि बढाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने पात्रहरु भने सीमित रहेका छन्। यस उपन्यासको प्रमुख पात्रको रुपमा शब्द रहेका छन् , भने सहायक पात्रका रुपमा अमन , शर्मिला , श्यामनाथ , अम्बिका , बलदेव , तेज , रमन ,भुवन आदि रहेका छन्। 'अन्तर' उपन्यासमा थुप्रै गौण पात्रको भूमिका रहेको देखिन्छ।

टृढ इच्छा शक्ति भएको खण्डमा सबै मानिसले आफूले गरेको काममा सफलता पाउने र समलिङ्गीले पनि अरुले प्रगति गर्न सक्ने कुरालाई उपन्यासमा चित्रण गरिएको छ। 'अन्तर' उपन्यासमा तत्सम , तदभव , आगन्तुक,झर्रा ,सरह एवम् विस्मयादिबोधक जस्ता शब्दहरुको चयनले भाषा सरल सहज र उत्कृष्ट बन्न पुगेको छ। तुलनात्मक रुपमा तदभव शब्दको बढी मात्रामा प्रयोग भएको पाइन्छ। 'अन्तर' उपन्यासमा बढी मात्रमा नाम र सर्वनाम शब्दको चयन गरिएको छ, भने निपात,संयोजक र उखानटुक्काको कम प्रयोग भएको पाइन्छ। 'अन्तर' उपन्यासमा विभिन्न प्रकारका विचलन भएका छन्।

जस मध्ये यहाँ तीन प्रकारका विचलनको अध्ययन गरिएको छ। उपन्यासमा भाषिक विचलन भएको पाइन्छ। बाह्य र आन्तरिक गरी समानान्तरताको उचित प्रयोगले गर्दा उपन्यासको भाषा सार्थक बन्न पुगेको छ। 'अन्तर' उपन्यासमा प्रयुक्तिगत,ध्वनिप्रक्रियात्मक र अर्थतात्विक विचलन प्रशस्तै भएको पाइन्छ।

सङ्ख्यात्मक रुपमा पात्रहरुन बढी भएता पनि प्रमुख पात्र रुपमा भने शब्दमात्रै रहेको छ। कथानकलाई अगाडि बढाउन शब्दले महत्वपूर्ण भूमिका खेलेको छ। उपन्यासका पात्र तथा चरित्रको वर्गीकरण लिङ्ग,कार्य,प्रवृति,स्वभाव,आसन्नता,जीवनचेतना र आवद्दताका आधारमा वर्गीकरण गरिएको छ। रमेश सायनद्वारा रचित 'अन्तर' उपन्यास (२०८०) सालमा प्रकाशित भएको एक उत्कृष्ट कृति हो। उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्ने सन्दर्भमा मूख्य अध्यनको क्षेत्र भाषिक चयन र विचलन पक्षको विश्लेषण गरिएको छ। यस अध्ययनमा  प्रमुख विधिका रुपमा पुस्तकालयीय अध्ययनको गरी वर्णनात्मक ढाँचामा व्याख्या गरिएको छ। यसमा प्राथमिक तथा द्वितीयक स्रोतको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ।

# अध्याय:पाँच

# निष्कर्ष तथा उपयोगिता

## ५.१ सारांश

यस शोधपत्रको शीर्षक ‘अन्तर’ उपन्यासको शैलीवैज्ञानिक अध्ययन रहेको छ।

अभिव्यक्तिको ढङ्ग ढाँचा ,पद्दतिलाई शैली भनिन्छ र यसको वस्तुपरक तथा वैज्ञानिक अघ्ययन गर्ने शास्त्रलाई शैलीविज्ञान भनिन्छ। यसको व्युत्पति ‘शील’’ धातुमा ‘ई’ प्रत्यय लागेर निर्माण भएको हो। त्यसैले व्यक्ति,प्रयोजन,परिवेश,विषयवस्तु, आदि अनुकूलको भाषा वा भाव व्यक्त गर्ने ढाँचा नै शैली हो। शैलीविज्ञान प्रायोगिक भाषा विज्ञानका शाखाहरु मध्ये  शैलीविज्ञान एक महत्वपूर्ण शाखा हो। यसले भाषा र साहित्यसँग निकट रहेर अध्ययन गर्दछ। आधुनिक भाषा विज्ञानको जन्म भएपछि मात्रै साहित्य जगतमा शैली विज्ञानको जन्म भएको हो। यसले कृतिको सौन्दर्यको यथार्थ मुल्याङ्कन गर्दछ। कृति विश्लेषण र शाब्दिक संरचनालाई अध्ययनको केन्द्र बनाउनु मुख्य पहिचान हो।

शैलीविज्ञानका सैद्वान्तिक आधारमा केन्द्रित भई मूलतःकथानको विश्लेषण,कथानको विकासक्रम फ्रेटागको पिरामिड अनुसार अनुसार पाँचवटा आधारमा विभाजन गरी देखाइएको छ।

पात्र तथा चरित्रको वर्गीकरण ,लिङ्ग, कार्य, प्रवृति,स्वभाव, आसन्नता, जीवनचेतना र आवद्धताका आधारमा प्रमुख तथा सहायक पात्रको शैलीवैज्ञानिक विश्लेषण  गरिएको छ।

चर्चित उपन्यासकार रमेश सायनद्वारा रचित ‘अन्तर’ उपन्यास २०८० सालमा प्रकाशित भएको एक उत्कृष्ट  कृति हो। उपन्यासको कथावस्तु अनुसार शब्दको शारिरीक र मानसिक आएको परिर्वतनका साथै उनको सफलता देखाउने प्रयास गरिएको  छ। समलिङ्गीलाई समाजमा हेर्ने दृष्टिकोणका साथै समलिङ्गी हुँ भनेर महिला र पुरुष सरह भन्न नसक्नु,समलिङ्गी भएका कारण आत्महत्या समेत गर्न तयार भएको पक्षलाई उपन्यासमा प्रस्तुत गरिएको छ। मानिसमा केही फरकपना आउदैमा समाजले तिरस्कार गर्ने होइन समाज कसैको पेवा हैन र समाजमा सबैको बराबर हक छ,अरु मानिस भन्दा समलिङ्गी पनि कम छैनन् भन्ने कुराको यथार्थ चित्रण उपन्यासमा गरिएको छ। यसरी प्रस्तुत ‘अन्तर’ उपन्यासको शैलीविज्ञानिक अध्ययन गर्ने सन्दर्भमा यस मूख्य अध्ययन क्षेत्र भाडिक चयन,विचलन र

समानान्तरता उल्लिखित पक्षहरुको विश्लेषण गरिएको छ। यसमा कथानकको विश्लेषण गर्ने आधार, शैलीवैज्ञानिक आधारमा पात्रको वर्गीकरण गरी सोही बमोजिम विश्लेषण गरिएको छ। यस अध्ययनमा प्रमुख विधिका रुपमा पुस्तकालयीय अध्ययन प्रयोग गरी वर्णनात्मक ढाँचामा व्याख्या गरिएको छ। यसमा प्राथमिक तथा द्वितीयक स्रोतको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ।

## ५.२ निष्कर्ष

अध्ययन र अनुसन्धानबाट नयाँनयाँ तथ्यहरु पता लाग्ने भएका कारणले यो निरन्तररुपमा चलिरहने प्रक्रिया हो। अध्ययन 'अन्तर' उपन्यासको शैलीवैज्ञानिक अध्ययनमा केन्द्रित रहेको छ। भभिव्यक्तिको ढङ्ग ढाँचा पद्वतिलाई शैली भनिन्छ र यसको वस्तुपरक तथा वैज्ञानिक अध्ययन गर्ने शास्त्रलाई शैलीविज्ञान भनिन्छ। 'अन्तर' उपन्यासको कथानकको विश्लेषण फ्रेटागको मिरामिडका आधारमा गरिएको छ भने पात्रहरुको शैलीवैज्ञानिक विश्लेषण तथा वर्गीकरण गरिनुका साथै उपन्यासमा उपयोग गरिएको भाषाको चलन,विचलन र समानान्तरताका आधारमा विश्लेषण गरिएको छ। उपन्यासको अध्ययनको निष्कर्षलाई बुदाँगत रुपमा निम्नानुसार उल्लेख गरिएको छ।

- 'अन्तर' उपन्यासको बाह्य संरचनालाई हेर्दा मझौला आकारमा संरचित देखिन्छ। २०८० सालमा प्रकाशित उपन्यास २३८ पृष्ठमा संरचित छ।
- 'अन्तर' उपन्यासमा महिला र पुरुषलाई हेर्ने दृष्टिकोण भन्दा समलिङ्गीलाई हेर्ने दृष्टिकोण फरक रहेको त्यसैले उपन्यासमा समालिङ्गी भएका कारण जीवनमा आइपर्ने बाधा तथा चुनौतिहरुको सामना आफैले गर्नुपर्ने र सबै मानिस समान हुन भन्ने कुरालाई प्रस्तुत गरिएको छ।
- 'अन्तर' उपन्यासको कथानक,आदि मध्य, र अन्त्यका शृङ्खला मिलेका कारण फ्रेटागको पिरामिडका आधारमा विश्लेषण गरिएको छ र यसको कथानक ढाँचा रैखिक रहेको छ।
- उपन्यासमा सङ्ख्यात्मकरुपमा पात्रहरु बढी भएता पनि कथानकलाई अगि बढाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने पात्रहरुको सङ्ख्या भने सीमित रहेको छ। यस उपन्यासमा प्रमुख पात्रका रुपमा शब्द रहेका छन् भने सहायक पात्रका रुपमा

अमन,शर्मिला,श्यामनाथ,स्वस्थानी,गोमा,अम्बिका,बलदेव,हृषमान,रमन,मास्टर,तेज,भुवन शिखर,राद्यव, मेघ आदि रहेको छन् । गौण पात्रको पनि भूमिका रहेको पाइन्छ ।

- प्रस्तुत 'अन्तर' उपन्यासको भाषिक चयन अन्तर्गत तत्सम,तद्भव,आगन्तुक र अनुकरणात्मक शब्दहरु मध्ये तुलनात्मक रुपमा तद्भव शब्दको बहुलता बढी देखिन्छ । आगन्तुक शब्द पनि प्रशस्तै प्रयोग भएको पाइन्छ त्यसमा पनि अङ्ग्रेजी भाषाका आगन्तुक शब्दहरु बढी प्रयोग भएको पाइन्छ ।
- उपन्यासमा,नाम,सर्वनाम,विशेषण,क्रियापद,नामयोगी,क्रियायोगी,निपात,संयोजक,विस्मयाधिबोधक आदि शब्दहरुको समुचित विन्यासले उपन्यासको भाषा आर्कषक र प्रभावकारी हुन पुगेको देखिन्छ । तसर्थ यिनै आधारमा उक्त उपन्यासको भाषिक विश्लेषण गरिएको छ । यसमा सबैभन्दा बढी नाम शब्दको र सर्वनामको शब्दको प्रयोग भएको पाइन्छ भने निपात र संयोजकको कम प्रयोग भएको पाइन्छ ।
- त्यसैगरी विचलन अन्तर्गत पनि प्रयुक्तिगत,ध्वनिप्रक्रियात्मक,अर्थतत्विक विचलन आदिको आधारमा 'अन्तर' उपन्यासको भाषिक विश्लेषण गरिएको छ । समग्र विचलन प्रयुक्तिका आधारमा हेर्दा 'अन्तर' उपन्यास शैलीविज्ञानका आधारमा उत्कृष्ट देखिन्छ ।

## ५.३ उपयोगिता

शैलीविज्ञानले भाषिक विशिष्टताको खोजि गर्छ । शैली विश्लेषणको अध्ययनले शिक्षक विद्यार्थीलाई साहित्यिक लेखन र अन्य लेखनमा पाइने अन्तरबारे दृष्टिकोण प्राप्त हुन्छ । शैली विश्लेषणबाट पाठकवर्गहरुमा र सिर्जनात्मक क्षमताको विकास गर्न,भाषाको सौन्दर्य पक्ष पता लगाउन र भाषिक सम्प्रेषणलाई परिपक्व बनाउन सहयोग गर्ने भएकाले पनि यसको उपयोगिता रहेको छ । शैलीवैज्ञानिक आधारमा 'अन्तर' उपन्यासको बारेमा जिज्ञासा राख्नेका लागि र शैलीवैज्ञानिक अध्ययन गर्ने अनुसन्धानकर्ताका लागि उपयोगिता हुनेछ ।

### ५.३.१ नीतिगत तह

कुनैपनि अध्ययन अनुसन्धान कार्यलाई सफल र उपयोगीमूलक बनाउन निश्चित नीति नियमको जानकारी हुन आवश्यक देखिन्छ। यस नीतिले अध्ययन गर्ने क्रममा सही बाटोमा हिडाउन आवश्यक सामग्री उपयुक्त तरिकाले प्रयोग गर्न सहयोग पुयाउँछ। प्रस्तुत अध्ययन यस त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा  विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि यस ‘अन्तर’ उपन्यासको शैलीवैज्ञानिक अध्ययन शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ। यस शैलीवैज्ञानिकसम्बन्धी नीतिगत उपयोगितालाई निम्ननुसार बुँदागत रुपमा प्रस्तुत गर्न सकिन्छ ;

- यस अध्ययनले पाठ्यपुस्तक तथा पाठ्यक्रम निर्माणमा महत्पूर्ण सहयोग मऱ्याउन सक्ने देखिन्छ।
- यस अध्ययनले शैली विश्लेषणसँग सम्बन्धित पाठ्यपुस्तक लेखनमा सहयोग गर्न सक्ने देखिन्छ।
- यस अध्ययनले भाषासम्बन्धि नीति निर्माण कार्यमा सहयोग गर्ने देखिन्छ।
- यस अध्ययनले शब्दकोश निर्माण कार्यमा पनि सहयोग पुऱ्याउने देखिन्छ।
- साहित्यिक वृति र शैलीविज्ञान सम्बन्धी निकटतव थाहा पाउन पनि सहयोग गर्ने देखिन्छ।

### ५.३.२ कार्यान्वयन तह

यस अनुसन्धालाई निम्न तहमा कार्यन्वयन गर्न सकिन्छः

- शिक्षक विद्यार्थीको लेखन,पठन, तार्किक आदि भाषिक क्षमताको अभिवृद्वि गर्न यस अनुसन्धानको निष्कर्षले आत्मासात गर्न सकिन्छ।
- शैलीवैज्ञानिक अध्ययन शीर्षकमा अध्ययन गर्ने अनुसन्धानबाट प्राप्त निष्कर्ष प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिन्छ।
- शैलीवैज्ञानिक आधारमा कृतिमा समावेश पात्रहरुको वर्गीकरण गर्न सकिन्छ।

### ५.३.३ आगामी अनुसन्धाका लागि शीर्षकहरु

आगामी दिनहरुमा 'अन्तर' उपन्यासमा केन्द्रित भएर निम्न शीर्षकहरुमा अध्ययन गर्न सकिनेछ।

'अन्तर'  उपन्यासमा आगन्तुक शब्दको अध्ययन

'अन्तर' उपन्यासमा तत्सम शब्दको अध्ययन

'अन्तर' उपन्यासमा प्रयोग भएका चिन्हरुको अध्ययन

'अन्तर' उपन्यासमा प्रयुक्त बिम्ब प्रतीकहरुको अध्ययन

'अन्तर' उपन्यासमा शब्द चयन प्रयोग

## सन्दर्भसूची


ओली,राधिका (२०७१), 'दृष्टि' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, (अप्रकाशित स्नातकोत्तर)।

घिमिरे,युवराज (२०७४), 'शून्य डिग्री' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, इटहरीः जनता बहुमुखी क्याम्पस (स्नातकोत्तर शोधपत्र)।

जोशी, जगन्नाथ (२०७२), 'कर्तव्य कथाको' शैलीवैज्ञानिक अध्ययन, कीर्तिपूरः त्रि.वि (स्नातकोत्तर शोधपत्र)।

निरौला, संगिता (२०७५), 'प्रिय सुफी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, इटहरीः जनता बहुमुखी क्याम्पस (स्नातकोत्तर शोधपत्र)।

पोख्रेल, भावना (२०७४), 'ऐना' कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन, इटहरीः जनता बहुमुखी क्याम्पस (स्नातकोत्तर शोधपत्र)।

भट्टराई, दुर्गा (२०७५), 'धनेश्वरकी साहिली' कथाको शैलीवैज्ञानिक अध्ययन इटहरीः जनता बहुमुखी क्याम्पस (स्नातकोत्तर शोधपत्र)।

भट्टराई, निलादेवी (२०७४), 'ग्रेट फल्स' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, इटहरीः जनता बहुमुखी क्याम्पस (स्नातकोत्तर शोधपत्र)।

रेग्मी, ऋषिराज (२०७२), 'विभाजित समय' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, मोरङ्;  सुकुना बहुमुखी क्याम्पस (स्नातकोत्तर शोधपत्र)।

शर्मा,मोहनराज (२०४८), शैलीविज्ञान,काठमाणडौ,नेपाल राजकीय प्रजा प्रतिष्ठान।

सायन,रमेश (२०८०), 'अन्तर' उपन्यासको शैलीवैज्ञानिक अध्ययन इटहरीः जनता बहुमुखी क्याम्पस (स्नातकोतर शोधपत्र)।